कमैया प्रथा भित्र बाँध मजदुरहरु

(कन्चनपुर जिल्ला)

अनौपचारिक क्षेत्र सेवा केन्द्र

विषय-सूची

१ **कमैया प्रथा - परिचय** १
- भूमिका
- परिभाषा
- ऐतिहासिक पृष्ठभूमि
- कमैया प्रथाका पुराना उद्धार मान्यता र सुविधाहरू
- माघी पर्व
- कमैया बसि जिवीकोपार्जन गर्ने जातीहरू

२. **अधिकांश थारूजातिनै कमैया हुनुको कारण** ५
- संस्कृति
- सोझो र लाटो व्यवहार
- निरक्षरता
- वैकल्पिक रोजगारको कमी
- महाजनी व्यवहार

३. **कमैया प्रथा भित्र बाँध मजदुरहरू** १०
- परिचय
- वर्गिकरण
- बाँध मजदुरको कामको अवस्था र सुविधा
- यौन शोषण

४. **थारू परिवारमा कमैया** १८

५. **कंचनपुर जिल्लाका गाँउहरूमा कमैया** २०
- डोधारा र चाँदनी गा.वि.स.
- सुडा गा.वि.स.
- डैजी गा.वि.स.
- पुर्नवास क्षेत्र
- झलारी गा.वि.स.
- पिपलाडी गा.वि.स.
- बेलडांडी गा.वि.स.
- श्रीपुर गा.वि.स.
- लक्ष्मीपुर गा.वि.स.
- रामपुर बिलासपुर गा.वि.स.
- कृष्णपुर गा.वि.स
- रैकवारबिचवा गा.वि.स.
- रौतेलीबिचवा गा.वि.स.
- शंकरपुर गा.वि.स.
- देखतभुली गा.वि.स.
- महेन्द्रनगर नपा/आलोका

६. **कमैयाको भविष्य** २७

७. **बाँध मजदुरीको अन्त्यको निम्ति केही सुझावहरू** २८

कमैया प्रथा - परिचय

भूमिका :

नेपाल अधिराज्यको सुदुरपश्चिमाञ्चलमा रहेको यो जिल्ला अन्य सुदुर र मध्यपश्चिमाञ्चलका जिल्लाहरू झैं धेरै समय सम्म घना जंगल, औलोको प्रकोप, ठुला नदीहरूको उपस्थिती यातायातको कमी आदि कारणहरूले गर्दा नेपालको पुर्विय भुभागहरूबाट अलग रहेको पाइएको छ । त्यसैले यस क्षेत्रको जनजिवन, समाजको आर्थिक ढाँचा भिन्न तरीकाबाट विकाश भएको देखिन्छ । नेपालको अन्य भुभागहरू झैं यो जिल्लाको आर्थिक आधार कृषि व्यवसाय नै भए पनि कृषि व्यवसायमा यहाँका मानिसहरूको संलग्नता फरक किसिमको देखिन्छ । यहाँ प्राय ३-४ विगाह भन्दा ज्यादा जमिन भएका किसानहरू अन्य ठाँउहरूको भन्दा भिन्न शर्तमा कमाउने व्यक्तिहरू राखेर खेती गर्दछन् । हुनलाई त अधिया शर्त, ठेक्का शर्त र बन्धक शर्तहरूको पनि यहाँ प्रचलन देखिएको छ तर राम्रै भन्दा सजिलो र सुविधाजनक चलनको रुपमा कमैया राखी खेति गरिने चलनलाई नै लिने गरिन्छ ।

परिभाषा :

कामको अवस्थाको आधारमा कन्चनपुर जिल्लामा कमैयालाई विभिन्न तरीकाबाट बुझ्न सकिन्छ । साधारण अर्थमा कमैया भनेको खेती कमाउन अथवा खेतीपाती गराउन राखिएको व्यक्ति हो । कमैयालाई आमरूपमा यस जिल्लाका गाउँघरहरूमा, आफुलाई आवश्यक भएको रकम ऋण लिन ऋण दिने व्यक्तिकोमा ऋण चुक्ता नहुन्जेल सम्म आफुलाई बन्धक राखी ऋण दिने व्यक्तिले लगाएको काम गरेर बस्ने व्यक्ति भनेर चिन्दछन् । त्यसैले कमैया ऋणको ब्याजमा खेतीको काम गर्ने व्यक्ति पनि हो । विविध कारणहरूले आफुमाथि लागेको ऋण तिर्न नसक्दा ऋण दिएदिने व्यक्तिकोमा ऋणी व्यक्ति किनिन अथवा बेचिन हुन्छ । त्यसैले कमैया खरिद गरेर खेती गराउन ल्याइएको व्यक्ति पनि हो । वस्तुविनिमयको आधारमा गाउँघरमा प्रशष्त सामाजिक र आर्थिक व्यवहारहरू हुनेगर्दछ । त्यस अर्थमा श्रमको साटो (फसल) वस्तु लिई अर्काको खेतीको काम गर्ने व्यक्ति पनि कमैया हो । कमैया भन्ने वित्तकै जिवन धान्नको निम्ति कुनै पनि कामको अवस्थामा बुझेर अथवा नबुझिकन काम गर्न बाध्य गराइएका कृषि मजदुरहरू हुन् । यसरी विविध तरीकाहरूबाट भिन्न भिन्न कामको अवस्थामा कमैया राखी खेतीपाती गरिने प्रथालाई त्यहा कमैया प्रथा भनेर चिनिन्छ ।

ऐतिहासिक पृष्ठभूमि :

यो प्रथा कन्चनपुर जिल्लामा, जिल्ला ६ तप्पा बाइसी, रैकवार, सेली पहाड, तिलाचौर, रौतेली र बैतोडामा विभाजित बेलादेखि नै चलेको पाइएको छ । मुख्यतया यी तप्पाका मौजावालहरू बहादुर संशेर (बाइसी र तिलाचौर), तारानाथ भट्ट (रैकवार), जयदेव भट्ट (रौतेली), पुण्य संशेर (बैतोडा र तिलाचौर), धर्मराज शर्मा (तिलाचौर) आदि हरूले नै अगाडि नै आचाद भएको क्षेत्र ढाडन्बाट मानिसहरू ल्याई तिकुर, चौकुर, पाँचकुर, पोतियात, कमैया आदि विभिन्न शर्तहरूमा खेती कमाउन शुरूवात गराएको त्यहाको व्यक्तिहरू बताउँदछन् ।

त्यस बखत यस जिल्लामा जमिनको कुनै मुल्य नै थिएन र त्यसैले जमिन नहुनुको कारणबाट कमैया भईहाल्नु पर्ने स्थिती त्यतिखेर देखिदैन । तर बाहिरबाट यो जिल्लामा सस्तो र सजिलै उपलब्ध हुने जमिन र सजिलो कामको अवस्थाबाट आकर्षित भई आएका व्यक्तिहरू खेतीपाती गर्दा चाहिने आवश्यक कृषि सामाग्रीहरूको अभाव, ?

कैलाली, कन्चनपुर र बर्दियामा विद्यमान बाँध मजदुरहरूको पहिचान गर्न अनौपचारिक क्षेत्रसेवा केन्द्रले २०४८ साल भाद्र महिना देखि माघ महिना सम्म संचालन गरेको अध्ययन कार्यक्रमको यहा कन्चनपुर जिल्लाको कमैयाहरूको अवस्था, उनिहरूको यस जिल्लामा उपस्थिती, कमैया प्रथा भित्रका बाँध मजदुरहरू, बाँध मजदुरको प्रकृति र उनिहरूको कामको अवस्था बारे चर्चा गरिएको छ । यो प्रतिवेदन अनौपचारिक क्षेत्र सेवा केन्द्रले तयार पारेको कमैयासंगको प्रश्नोत्तर फारम, स्थानिय बुद्धिजिवी वर्गसंग लिएको उनिहरूको धारणा, केही कमैया मालिकसंग लिइएको अन्तर्वार्ता र आफैले भेटेका र महशुष गरिएका कुराहरूको आधारमा तयार पारिएको छ । प्रतिवेदनको गहिराईलाई कमैयाहरूको ठाउँको अनिश्चीतता, उनिहरूको व्यस्तता र मुख्यरूपमा कमैया मालिकहरूको असहयोग र कतिपय ठाउँहरूमा मालिकले तयार गरेको डर र त्राशको वातावरणले प्रभाव पारे पनि यथासम्भव यस अध्ययन कार्यक्रमको उद्देश्य अनुसारको सम्पूर्ण जानकारी दिने कोशीस यहाँ गरिएको छ ।

प्रतिवेदन संकलन कर्ता
(अनौपचारिक क्षेत्र सेवा केन्द्रको तर्फबाट)
नविन चन्द्र शर्मा
उपप्राध्यापक
इन्जिनियरीङ अध्ययन संस्थान
मिति २०४८ / १० / २५

पल्टा चौधरी

पल्टा चौधरीको हजुरबुवा पन्चराम चौधरी जिल्ला आवाद हुदाको बखतको तिलाचौर तप्पाको बाँसगेडा गाउँमा धर्मराज शर्माको कमैया हुनु हुन्थ्यो । दाइजबाट आउदा केहि पनि नभएको पन्चराम चौधरीले केही समय कमैया भई परिश्रम गरेर नै आफ्नो जिवनको सम्पुर्ण कुराहरू जुटाएको कुरा उन्का नाति पल्टा चौधरी बताउँदछन् । हाल महेन्द्रनगर पालिका वडा नं. ३ निवासी पल्टा चौधरीको परिवार करिब ८० बिगाहा जमिनको मालिक हुनुहुन्छ ।

बसोबास र खानपिनको समस्याहरूले गर्दा आफु यी कुराहरूबाट व्यवस्थित नहुन्जेल मान्छेको जिउँदोमा अर्काको कमैया भई बस्ने र यी कुराहरूबाट व्यवस्थित भई सकेपछि आफ्नै खेतीपाती शुरू गर्ने गर्दथे । कमैयालाई पारश्रमिकको हकमा, त्यतिखेर अन्न वा कमाउन जमिन नै दिने चलन थियो । वस्तु विनिमयको आधारमा त्यसबखतको समाजका आर्थिक कारोबार हुने हुदा अन्न नै पारश्रमिकको रूपमा कमैयालाई दिइनु स्वभाविक नै देखिन्छ । वास्तवमा त्यतिखेर कमैयालाई खेती कमाउने व्यक्तिको रूपमा ज्यादा चिनिन्थ्यो । हालको जस्तो त्यसबखत कमैया र मालिकको सम्बन्ध समान्यतया भेटिदैन थियो । समयको अन्तरालमा समाजका आर्थिक सम्बन्धहरूको परिवर्तन संगसंगै मालिक र कमैयाको सम्बन्धमा फरक आउदै गएको स्पष्ट महशुष हुन्छ । मालिकहरूले बदलिदै गएको परिस्थिती संगसंगै आफ्नो आवश्यकता अनुसार कमैयाबाट बढी काम लिने र काम गरे बापत कम सुविधा दिने परम्परा अगाडि ल्याएको भान हुन्छ । यो अवस्थाको शुरूवात पछि नै बाँधको आवस्थाको विकाश भएको हुनुपर्छ ।

कमैया प्रथाको पुराना उदार मान्यता र सुविधाहरू

खेती कमाउन राखिएको व्यक्तिलाई पुरानो मान्यतामा मस्यौरा र बिगाहा दिने चलन पाइन्छ ।

मस्यौरा : मस्यौरा भनेको खेती कमाउन राखिएको व्यक्तिलाई (कमैयालाई) वर्ष दिनको लागि खानको निम्ति दिइने अन्न हो । खानको निम्ति दिइने अन्न भन्दा कमैया र कमैयाको परिवारबाट काम गर्न सक्नेहरूलाई वर्ष दिन पुग्ने गरि खानको निम्ति चाहिने सम्पुर्ण सामाग्री धान, नुन, तेल, खोर्सानी र तरकारी बुझिन्छ । कन्चनपुर जिल्लाको उदार चलनमा कमैया र उसको श्रीमति (बुजुही) समेतले खेतीपाती र घर धन्दाको काम गरिदिंदा वर्षको मस्यौराको रूपमा ३८ मन (७२० कि.ग्रा.) धान, १७ लि. तेल अथवा त्यहि बराबरको लाही परिवारलाई पुग्ने गरी नुन, ५ कि.ग्रा. काँचो खोर्सानी र तरकारीको लागि केही बारी दिने चलन हो ।

कमैया एक्लै हुदा अथवा कमैयाको परिवार सानो हुदा (३-४ को संख्यामा) र कमैयाको मालिक थारू हुदा मस्यौरा नदिई मालिकै घरमा खान दिने चलन पनि प्रशष्टै भेटिन्छ ।

बिगाहा (बोहोडा) : बिगाहा अथवा बोहोडा भनेको कमैयाले वर्ष दिन खेती कमाई दिए बापत उस्ले पाउने पारश्रमिक हो । पुरानो र उदार चलनमा बिगाहा भन्दा एक बिगाहा खेतीको निम्ति कमैयाको लागि छुट्याइएको जग्गा बुझिन्छ । यसरी छुट्याइएको जग्गामा कमैयाले उब्जाएको सम्पुर्ण फसल उसैको हुने गर्दछ । खेतीको निम्ति चाहिने गोरू, हलो र मुख्यबालीको बिउ पनि मालिकले नै दिनु पर्ने हुन्छ । थारू समाजमा बिगाहा भनेर कच्चा ३ मन अथवा ६० कि.ग्रा. धान छर्दा ओगट्ने क्षेत्रफल बराबरको जमिनको उब्जनी दिने गरिन्छ । ६० कि.ग्रा. छर्ने भने पनि व्यवहारिक हिसाबमा यस्ले ओगट्ने जमिन करिब एक बिगाहा नै पर्न आउँदछ । यस जिल्लामा बिगाहा भनेर जमिन छुट्याइदिने चलन संगसंगै

एकमुष्ट धान (करिब ५ कु.) अथवा आर्थिक एकमुष्ट नगद नै दिने चलनहरू पनि छन् ।

उदार चलनमा बिगाहा र मस्यौरा बाहेक अन्य केही सुविधाहरू पनि दिइन्छ । कमैया र कमैयाको परिवारको काम गर्ने सदस्यलाई वर्षमा एक जोर कपडा दिने, खेतीपातीसंग सम्बन्धित र अन्य चाडपर्वहरू हरदुवा (धान रोपी सकेपछि मनाइने चाड), औली (धान काटिसके पछि मनाइने चाड), पेन्डिया (धान दाही गरेपछि मनाइने चाड), दंशै र माघीमा छुट्टी दिने र केहुँ केहुँ पर्वहरू मनाउन मालिकले खर्च दिने, बस्त्रको लागि कटेरा बनाइदिने कमैयाले पाउने अन्य सुविधाहरू हुन् । गाउँघरमा बिरामी पर्दा अथवा असक्त अवस्थामा धामी झाँक्रीबाट र थारू समाजमा गुरुवाबाट फुकफाँक गरेर नै काम चलाइने हुदा औषधी उपचारको सुविधाले पहिले देखि नै त्यति महत्व राखेको देखिदैन ।

माघी पर्व मनाउदै

माघी पर्व : कमैया प्रथामा माघी पर्वले ठूलो महत्व राख्दछ । यो पर्व थारूहरूले धानबाली उठाइसकेपछि माघ महिनाको संक्रान्ती देखि ४-५ दिन सम्म मनाउने गर्दछन् । यो पर्वमा पौस मसान्तको दिनदेखि विशेष गरी सुंगुर काटेर खानापिनको शुरूवात गर्दछन् । मसान्तको रातभरि उनिहरू (दिहान नहुन्जेल सम्म) जाँड र कसीको सेवन गर्दै नाच्ने, गाउने गर्दछन् । संक्रान्तीको दिन सबैरै, सबै परिवार खोलामा नुहाउन जाने र नुहाइसके पछि आदरणिय व्यक्तिहरूलाई ढोग्ने चलन छ । संक्रान्तीको भोलिपल्ट देखि खोज्नी बुझ्नी अथवा सुजुली-पुजुली (खोज्ने र बुझ्ने) शुरू हुन्छ । खोज्ने बुझ्नेमा वर्षभरिको आर्थिक कारोबार मिलाइने गरिन्छ । यसमा ऋण हुनेले ऋण तिर्ने, अन्नबाली बुझाउनु पर्नेले सो बुझाउने र अन्य हरहिसाब मिलाउने गर्दछन् । यस अतिरिक्त यस्मा गाउँघरको टाटो बाटोको माध्यमबाट त्यहाको आर्थिक र अन्य पिर मर्काहरू बुझ्ने र सुल्झाउने प्रयत्न गरिन्छ । माघी पर्वसंगै कमैयाको नया आर्थिक वर्ष शुरू हुन्छ । कमैयाले वर्ष भरिमा गरेको लेनदेनको हरहिसाब र नयाँ सालको कामको शर्तहरूको निर्धारण पनि यसै समयमा गर्ने चलन छ । नयाँ मालिक खोज्ने कमैयाले, माघी पर्व भित्रै मालिक खोजी सक्नु पर्ने हुन्छ । सौंकी (ऋण) भएका कमैयाहरू भए सौंकी तिरी दिएर अथवा किनेर कमैयालाई अर्को मालिकले लिएर जाने समय पनि यही हो ।

कमैया बसी जिवीकोपार्जन गर्ने जातिहरू

कञ्चनपुर जिल्लामा कमैया भई जिवीकोपार्जन गर्ने जातिहरूमा अधिकांश थारूहरू नै छन् । थारूहरू भन्दा धेरै संख्यामा दर्गौरा र राना र नगण्य संख्यामा पुनाहरू पर्दछन् । थारू बाहेकका अन्य जातिहरू कमैया भईबसेका कमै भेटिन्छन् । केही संख्यामा पहाडी मुलुकका साकी लोहारहरू कमैया छन् ।

दर्गौरा थारू : दाङ देउखुरीका आदिबासी थारूहरूलाई नै दर्गौरा थारू भनेर चिनिन्छ । दर्गौरा उनिहरूको जाति होइन । यो दाङबाट आएका अथवा ल्याइएका थारूहरूको सन्तानलाई पहाडी मुलुका व्यक्तिहरूले संबोधन गर्ने शब्द मात्र हो । पहाडी-प्रधानता भएको समाजमा पहाडी मुलुका व्यक्तिहरूले प्रचलनमा ल्याइएको शब्द हुदा यसले आदिल्यै जातिय स्वरूप लिएको छ । वास्तवमा दाङबाट आएको थारूहरूमा उनिहरू भित्र गोत्र अनुसार, दहित, मगर जोशी, उल्टाहान आदि धेरै जातिहरू छन् र त्यसै अनुसार उनिहरूको पारम्परिक संस्कार बिहेबारी, पुजापाठ, आदि कार्यहरू सम्पन्न हुने गर्दछ । उनिहरूमा दर्गौरा अथवा गोत्र अनुसार को जाति नलेखि हाल आएर प्रशष्ट मात्रामा चौधरी लेख्ने गरेको पनि भेटिन्छ ।

मध्यमवर्गीय दर्गौरा थारू परिवार

पुराना मौजाबाल जमिन्दारहरूले दाइन्बाट यो जातिका मानिसहरू ल्याउन थाले पछि मात्र यतिहरूको बसोबास यस जिल्लामा शुरू भएको हो भन्ने भनाई छ । कमैया भई बस्ने जातिमा दर्गौराहरू पहिलो र संख्यामा देखिएका छन् ।

राना थारू: भारतवर्षमा मुशलमानसाम्राज्य हुदा मुसलमानहरूको आक्रमणबाट बच्न चित्तौरका राजाका सन्तानहरू भारतवर्षको उत्तर तिर भागेका उनिहरूको सन्तान नै हालका राना थारूहरू हुन् भन्ने भनाई छ । जे भए पनि बसोबासको हिसाबले कन्चनपुर जिल्लाको आदिबासी राना थारूहरू नै हुन् । उनिहरूको बसोबास यहाँ स्पष्टरूपमा अंग्रेजहरूको साम्राज्यकाल देखि नै छ ।

राना थारूहरू भित्र विभिन्न गोत्रहरू भए पनि आपसमा यिनीहरू राना नै भनेर चिनिन्छन् । यो जातिमा भाषा, वैवाहिक सम्बन्ध र अन्य परम्परा हेर्दा यिनीहरूमा भारतिय प्रभाव ज्यादा देखिन्छ । दर्गौरा थारूसंग नाकनक्सा र वर्णमा समानता पाइए पनि उनिहरूको लवाई, खुवाई र संस्कृतिमा व्यापक भिन्नता छ । यस जिल्लाका आदिबासी भएको नाताले यस जातिमा जग्गा जमिन नभएकाहरू थिएनन् भन्न सकिन्छ । कन्चनपुर जिल्लाका अधिकांश पुराना जमिन्दारहरू रानाथारू नै हुन् ।

समय अनुसार विविध कारणहरूले राना थारूहरू पनि विस्थापित हुदै गएका र यसरी विस्थापित भएका रानाहरू यो जातिका कमैयाहरू हुन् । कमैयाहरूमा राना थारूहरू प्राय आफ्नै जातिमा कमैया भई बस्ने गरेको देखिए पनि राना कमैयाहरूको संख्या उल्लेखनिय नै छ ।

खुना थारू : कन्चनपुर जिल्लामा खुना थारूहरूको पुर्खा कैलाली र अर्दिया जिल्लाबाट आएको बताइन्छ । खुना थारूहरूको संस्कृति, जिवनचर्या आफ्नै किसिमको भए पनि हाल उनिहरू संख्यामा कम हुनु, दर्गौरा समासंसंग नजिक हुनु आदि कारणहरूले उनिहरूको जिवनमा दर्गौरा थारूको संस्कृतिको प्रभाव देखिन्छ । यो जातिका थारूहरू कन्चनपुर जिल्लामा एकदमै कम संख्यामा छन् र स्वभाविक रूपले यो जतिका कमैयाहरू पनि नगण्य भेटिन्छन् ।

पहाडीमुलका कमैयाहरू : पहाडीमुलका, कमैया भई जिवीकोपार्जन गर्ने जातिहरूमा हिन्दु संस्कृतिको मान्यता अनुसार "पानी नचल्ने जातीका" मानिसहरू छन् । यी जातिहरूमा मुख्यतया लोहार र सार्की कमैया भइबसेको भेटिएको छ । महाकाली र सेती अंचलको पहाडी जिल्लाहरूबाट पहाड के सम्पर्कको आधारमा कन्चनपुर आएका यी जातिका कमैयाहरूको संख्या एकदमै नगण्य छ । पहाडमै पनि अर्काको हलो जोतेर जिवीका चलाईरहेको यी जातिका कमैयाहरू कमैया प्रथाको शर्त र सुविधा अनुसार राखिएका भए पनि थारू कमैयाको अवस्था भन्दा यिनीहरूको कामको अवस्था केही सामान्य देखिएको छ । यी जातिका कमैयाहरू आफ्नो ऋण तिर्न नसकुन्जेल प्राय एकै ठाउँमा बसेर काम गर्न को पाइन्छ र यिनीहरूमा एउटा व्यक्तिको पारिश्रमिकमा, कामका पारिवारीक संलग्नता देखिदछन् ।

अधिकांश थारूजाति नै कमैया हुनुको कारणहरू :

आर्थिक र सामाजिक सुरक्षाको अभावमा, गरिबी रेखामुनी रहेका यहाका थारूहरूलाई सर्वप्रथम बाच्न नै ठूलो समस्या छ । बाच्नको निम्ति कुनै पनि अवस्थाको काम स्वीकार गर्नु उनिहरूको आजको बाध्यता हो । कमैया भई बस्नु पर्नै मुख्य कारण पनि यही नै हो । यस अतिरिक्त कमैया प्रथालाई प्रोत्साहित गर्ने अन्य कारणहरू निम्नलिखित छन् ।

संस्कृति :

थारूहरू अनादि काल देखिनै कृषि नै आफ्नो जीवनको आधार मान्दछन् । त्यसैले उनिहरू कृषि व्यवसायमा संलग्न हुनु उनिहरूको जीवन पद्धती हो । आर्थिक अवस्था सुदृढ हुदा अलिक सुविधाजनक तरिकाबाट कमैया राखि कृषि व्यवसाय गर्नु र आर्थिक अवस्था सुदृढ नहुनेले अथवा जमिन नहुनेले अर्काकोमा गएर खेती कमाई गर्नु अथवा कमैया भई बस्नु उनिहरूको जीविकोपार्जनका सामान्य अवस्थाहरू हुन् । त्यसैले थारू समाजमा कमैया भई बस्नुलाई हिनतागुलक वा अपमान जनक ठानिदैन । कमैया भन्ने शब्दको निकास कमुइया भन्ने थारू भाषाको शब्दबाट भएको र कमैया प्रथाको पुराना चलनहरू आर्थ संस्कृतिसंग घर मिल्ने कुराहरू भएको हुदा कमैया प्रथाको थालनी नै थारू समाजमा भएको जस्तो लाग्छ ।

जाँड रक्सीको अत्याधिक प्रयोग :

थारू समाजमा दुःख दर्दक गर्दा, खुशी व्यक्त गर्दा, आदर स्वागत गर्दा पूजाआर्चा नाइपर्वमा विभिन्न प्रयोजनको निम्ति जाँड रक्सीको प्रयोग भएको पाइन्छ । विशेष गर्दा र दशैंमा थारूहरूको संस्कृतिमा रक्सीको प्रयोग बिना कतिपय पारम्परिक संस्कारहरू सम्पन्न नै नहुने हुन्छ । दशैंमा थारूहरू पेन्डीया हरचाली जले (जेठो छोराको लागि गरिने पूजा) मुर्गन्नी (अरू छोराहरूको लागि गरिने पूजा), छोरा छोरीहरू स्कुल भर्ना गराउदा, भैंसी व्याउदा मानिसहरू गोर जोरिदा हरेक खुशी र दुःखमा विभिन्न पूजाहरू गर्दछन् । उनिहरूमा गोत अनुसार फरक फरक तरीकाबाट पूजा गर्ने गरे पनि सठौंरा (जन्म हुदा गरिने पूजा) पूजा बाहेक अन्य पूजाहरूमा आफ्नो देवतालाई रक्सी चढाउने परम्परा छ । पूजाको अतिरिक्त गाउँको मलमनसा अथवा बडघर (गाउँको ठाठो बाठो र सुसम्पन्न व्यक्ति) कोमा दशैंमा टिका लगाउन जाँदा, गुरूवा (गाँउको पुजापाठ, औषधीमुलो गरिदिने व्यक्ति) को आर्शिबाद लिन जाँदा र विवाहमा टिकाटालो देखि लिएर माइत मान्न केटीको घर जाँदा सम्म र बक्सी लिएर जाने चलन छ । उनिहरू पाहुनालाई जाँड रक्सीले स्वागत गर्न पाउँदा खुशी हुन्छन् । जाँड रक्सीको अत्याधिक आवश्यकता र प्रयोगले गर्दा नै होला प्राय हरेक दशैंमा थारूहरूको घरमा जाँड रक्सी बनिने गर्दछ । लिंग र उमेरमा भेदभाव नगरी दूध खाँदै गरेको बच्चा, केटाकेटी, लोग्ने मानिस, स्वास्नी मानिस, बुढा, बुढी कसैलाई पनि यस्को सेवनमा पाबन्दि छैन् । उनिहरूमा साना केटाकेटीलाई माया गर्दा जाँड खान दिनु कुनै अनौंठो चलन होइन ।

साना थारूहरूका समाजमा जाँड रक्सीसंग उनिहरूको सम्बन्ध दशैंमा थारूहरूका भन्दा भिन्न छ । उनिहरू यस्को प्रयोग ज्यादा मनोरंजनको अभिप्रायबाट गर्दछन् । उनिहरूको पुजापाठमा यस्को प्रयोग हुदैन । घरमा जाँड रक्सी नबनाए पनि सानाहरू किनेर लाएर साटेर एवाड यस्को सेवन ज्यादा गर्दछन् । दुवै जातिमा यसरी जाँड रक्सीको अत्याधिक प्रयोग भेटिन्छ । यस्ले उनिहरूको मानसिकता, स्वास्थ्य र सजैनन्दा ज्यादा [illegible] आर्थिक जीवनमा प्रभाव पारेको छ । जाँड रक्सीको कारण खुब धेरै कमैया [illegible] बाध्य थारूहरू कन्चनपुर जिल्लामा भेटिन्छन् ।

जारी तिर्नु प्रथा :

थारूहरूमा (विशेषगरी राना थारूमा) बाल विवाह र अनमेल विवाहको चलन छैनेछ । उनिहरू बच्चा पेटमा रहेको अवस्था देखि लिएर साना केटाकेटीहरूको अवस्था मै औपचारिक अथवा अनौपचारिक रूपमा मंगनी गरिदिने गर्दछन् । उनिहरूको विवाह भने कमाई गर्न सक्ने उमेर (१०-११ वर्ष) भए पछि मात्रै हुने गर्दछ । यसरी हुने विवाहमा केटीको उमेर ज्यादा र केटाको उमेर कम हुने गर्दछ । यसो गर्नुको अर्थ ल्याइएको बुहारी कमाउन सक्ने होस् भन्ने अभिप्राय पनि हो । यस किसिमको विवाह प्रथा र यस्ले उब्जाएका नराम्रा वैवाहिक सम्बन्धका अन्य व्यवहारहरूले गर्दा कसैसंग पनि अवैधानिक सम्बन्ध रहन सक्ने सम्भावना प्रशस्त देखिएको र यो सम्बन्धलाई थारू समाजमा आलोचनात्मक दृंगबाट नहेरिएको कारण लोग्ने स्वास्नीको अथवा मागिएको केटा केटीको सम्बन्ध विच्छेद हुने अवस्थाहरू धेरै देखिन्छ । सम्बन्ध विच्छेद मंगनी भईसकेकी केटी अथवा विवाह भैसकेकी केटी, मंगेतर अथवा लोग्नेलाई छोडी अर्कोसंग गएर वा अर्कोले लिएर गयो भने केटी पाउने नयां लोग्नेले विवाह खर्च भनेर पुरानो लोग्ने अथवा मंगेतरलाई जारी तिर्नु पर्ने हुन्छ । दुर्गौरा थारूमा जारीको रकम साधारणतया ५००० रू. सम्म देखिन्छ भने रानाहरूमा १०-१५ हजार रूपैया भन्दा बढी हुने गर्दछ । जारी तिर्ने प्रथा थारूहरूको जिवन अभ्यासको अनिन्त्य अंग र गाउँघरको प्रतिष्ठाको विषय हुने हुदा आपनो क्षमता भए नभए पनि नाथि उल्लेखित अवस्थामा जारी तिर्ने पर्ने हुन्छ । निम्नवर्गीय किसान जारी तिर्दा कमैयाको अवस्थामा पुगको र जारीको रकमले सौंको ज्यादा भएका कमैयाहरू पनि लुले संख्यामा कञ्चनपुरमा भटिन्छन् ।

राना थारूको विवाह उत्सव

बाजेको पाला भन्दा अघि देखि सम्पन्न रूपमा कञ्चनपुर जिल्लामा जिवनयापन गर्दै आइरहेको करिब ४५ वर्षका भंगीरानासंग १३ वर्ष अघि (२०३५ सालमा) ३ बिगाहा जमिन थियो । भंगीरानाको छोराको मंगनी सानोमा कारणवंश हुन नसक्दा छोराले भगाएर ल्याएको अर्काको श्रीमतिको लोग्नेलाई १८,००० रूपैया जारी तिर्नु पर्दा आफुसंग भएको सम्पुर्ण जमिन बिक्री गर्नु परेको र त्यस पश्चात १३ वर्ष अघिदेखि आफु र छोरा कमैया भई बस्न बाध्य हुनु परेको कुरा उनि बताउँदछन् । हाल भंगीराना झलारी गाउँविकास समितिको वैशाखामा परमानन्द अवस्थीकोमा रू. ५००० सौंकी सहित कमैया भई बसेका छन् ।

भंगी राना

पहाडी संस्कृति :

यस जिल्लाका पहाडी मुलुका ब्राम्हण र कुलिन क्षत्रिय वर्गका व्यक्तिहरूमा "हलो जोत्नु हुदैन" भन्ने मान्यता व्यापक रूपमा पाइन्छ । हिन्दु संस्कृतिको आधारमा नै चित्रास भएको यो मान्यतालाई अहिल्ये पर म्पराका रूपमा स्विकार गरिन्छ । यसरी जनसंख्यामा बाहुल्यता रहेको यी जातिहरू यस्ता मान्यतामा हुकर्दै दिढा हलो जोत्ने जातिको विकल्पको रूपमा अन्य जातिहरू आउनु स्वभाविक हो । सोझो र लाटो व्यवहारको कारण यस्ता जातिहरूको खेतीपाती गर ाउन सजिला व्यक्तिहरू थारूहरू नै हुन पुगेका छन् ।

> दैजी गाउँको वडा नं. ५ निवासी रघु नाथ जोशीसंग १ बिगाहा ५ कठ्ठा जमिन छ । वहा ब्राम्हण कुलको भएको नाताले यति धेरै जमिन पनि आफै कमाउदैनन् । उनिसंग यो जमिन कमाउनलाई एउटा कमैया छ ।

सोझो र लाटो व्यवहार :

प्राचिन काल देखि नै यो जाति नेपालको अन्य जातिहरूको प्रत्यक्ष सम्पर्कबाट धना जंगल, औंसाको प्रकोप ठूला महाकाली र कर्णाली जस्ता नदिहरूको उपस्थिती, यातायातको असुविधा आदि विभिन्न कारणहरूबाट अलग रह्यो । उनिहरूमा आफ्नै समुदाय भित्र मात्र बस्ने, आफु बिचमा मात्र रमाउने, आफ्नै समुदायको सर सहयोगबाट खेती पाती गर्ने जस्ता प्रवृत्तिहरू विकास भएर आए । जस्ले गर्दा उनिहरूले बाहिरी समाजको चरित्र, व्यवहार जान्न र कहिल्यै प्रतिस्पर्धाको वातावरण अनुभव गर्न पाएनन । अहिल्येको परिवर्तित सन्दर्भमा पनि सबैलाई सबैकुरामा विश्वास गर्ने, सबैलाई इज्जत गर्ने, सबै प्रति सहयोगको भावना राख्ने, आफ्नो मनको भन्दा अरूको मनको ज्यादा गर्ने जस्ता पुराने व्यवहारहरू कायम राखे । धुत्याइ, चालुयाइ, ठगि तिन रूपमा बाहि राखेको अवस्थामा यस किसिमको व्यवहार सोझो र लाटो हुन पुग्यो । बिस्तारै बिस्तारै यहि कारणबाट उनिहरूको मुल सम्पत्ति नासिदै गयो र क्रमशः उनिहरू बिस्थापित हुदै गए । जग्गाको लेनदेनमा मुल्य लिएको जमिन भन्दा त्रेस्तामा धुत्याई गरेर बढी पास गराउने, धेरै लिएको ऋणमा बर्की ब्याज जोडी धेरै जमिन आफ्नो कब्जामा लिने, ऐलानी भनि जमिन बेच्ने र पछि हकवाला निकिल किनिएको जमिन छिनी दिने, सट्टापट्टा गर्ने भनि ठूलो क्षेत्रफल भएको राम्रो जमिन आफु तिर पार्ने, ऋण पहाडीले लिने धरौट थारू बस्ने आदि विभिन्न तरीकाबाट ठगिएको कथाहरू कन्चनपुरका धेरै थारू परिवारकोमा सुन्न पाइन्छ । यो जातिमा प्रतिकार गर्ने मानिसको स्वभाविक गुण पनि एकदमै कम देखिन्छ । उनिहरू मार्का पर्दा मार्का पार्नेको बिरोध नगर र अरू उसँग सम्बन्ध नराख्ने प्रयत्न गर्दछन् । यस्ता गुण र व्यवहारको कारण थारू विस्थापित हुदै जानु र विस्थापन पछिको विकल्प कमैया मात्र हुनुले गर्दा कमैया हुने कारण यो पनि भएको छ ।

कांग्रेस दुर्गौरा र साथी

काठमाडौं स्थित संकटा कार्पेट कारखानामा आवश्यक कामदारहरूको पूर्ति गर्न थारूहरूको नै किन खोजी भयो ? वास्तवमा प्रश्नको उत्तर सरल छ । संकटा कार्पेटका मालिक कमल जोशी कन्चनपुरका थारूहरूलाई राम्रो चिन्दछन । उनले कम मन्जा कम सुविधामा थारूहरूबाट जिन्ना प्रतिकार धेरै काम लिन सकिन्छ भन्ने बुझेका छन् । त्यसैले दैजी गा.वि.स. का पहाडी केटाहरू काम गर्न जाने इच्छा राख्दा राख्दै थारू नै चाहिएको भनि उनिहरूलाई पन्छाएर कांग्रेस दुर्गौरा लगायतका १२ जना थारू केटालाई खान बस्न र राम्रो पारिश्रमिक दिने प्रलोभनमा काठमाडौं लिएर आइयो । दुई महिना काम गरिसके पछि केही नपाउने

जानकारी हुँदा उनिहरू चुपचाप आफ्नो गाउँ फर्कँदैनन् कहुँ कतिपय दुर्गौंरा बताउँछन् ।

> सुडा गा.वि.स. वडा नं. ५ मा जन्म लिएका पल्टु दुर्गौंरा साल ढैजी गा.वि.स. – १ मा कमैया छन । उनि भन्दछन "उनले जान्दै आफ्नो बाजुसंग ८ बिगाहा जमिन थियो । सो जमिन मध्ये २ बिगाहा बिबाह आदि खर्चमा गाडियो । ६ बिगाहा चाँही ज्यादि दाउ लम्न दामादर बोहोरासंग बाजुसंग भान्जाको नाता लगाई सालपोत दिने, जाने भनि सम्पूर्ण कागजात लिन लगाएर बाबुलाई लिएर गएको । अंहि रकमी खुवाई अलमलमा पारी उसको नाममा पास गरी आफ्नो परिवारलाई भुमिहिन बनाएका हो ।" अहिल्ये पल्टु दुर्गौंराको परिवारबाट तिन जना कमैया छन् ।

निरक्षरता

यस जिल्लाका अधिल्लो पिढीका लगभग सम्पूर्ण थारूहरू निरक्षर छन् । उनिहरूलाई साधारण अक्षर लेख्न र जोड घटाउ गर्न पनि आउँदैन । यसले गर्दा उनिहरूको मनोबलमा कमि देखिन्छ । कृषि व्यवसाय आहेक मनोबलको कमिले गर्दा अन्य व्यवसायमा उनिहरू आफूलाई सुरक्षित सम्झदैनन् । शत प्रतिशत अर्की व्यवसाय चल्न सक्ने निधो भए पछि मात्र त्यता तिर जाने ओट उनिहरू गर्दछन् । यस किसिमको मनोवृतिले उनिहरूलाई वैकल्पिक व्यवसाय तिर उन्मुख हुन र प्रतिश्पर्धात्मक वातावरणमा जानबाट रोकी राख्नुको छ । मालपोत, पानीपोत तिर्न र साधारण लेखापढीका कामहरू गर्न निरक्षरताको कारणले गर्दा थारूहरू भन्झट्टको रूपमा हेर्दछन् । निरक्षरताकै कारण जमिनको लेनदेनमा पनि थारूहरू ठगिएका छन् र आफ्नो कृषि व्यवसायबाट विस्थापित हुन पुगेका छन् ।

थारू उखान "पढा लिखी नचैन काम, हर जोता धानो धान" थारूहरूको व्यवहारमा पल्ट भेटिन्छ । कृषि पेशामा नै रमाइ आएका थिनीहरू आफ्नो छोरा छोरीहरूलाई स्कुल पठाउन रूचाउँदैनन् । पहाडी मूलुकका व्यक्तिहरूसंगको संगत पश्चात उनिहरूको दैनन्दिनीमा आदिले आएर प्राथमिक विद्यालयसम्म दुर्गौंरा थारूहरूले विशेष छोराहरूलाई र धेरै संख्यामा छोरीहरूलाई स्कुल पढाउन थालेका छन् । राम्रा थारूहरूमा यस किसिमको चलन धेरै देखिँदैन । प्राथमिक विद्यालय मै उनिहरूको संख्या नगण्य छ । राम्रा विद्यार्थीहरूलाई त स्कुल पढाउनु नै पर्छ भनिँदैन । कन्चनपुर जिल्लाका स्कुलहरूमा प्राथमिक विद्यालयमा भएका थारू विद्यार्थीहरू माध्यमिक विद्यालय सिध्याउँदा सम्म करिब १००० पनि नरहेको कुरा त्यहाँका स्कुलका शिक्षकहरू बताउँछन् । यसको मुख्य कारण १०–१२ वर्ष माथिको उमेर भए पछि घर र खेतीपातीको काम गर्न सक्ने हुँदै जान्छन् र आर्थिक अवस्थाको कारण विस्तारै स्कुल छोडेर कामका संलग्न हुन्छन् । स्कुल छोड्ने अर्को कारण बाल विवाह पनि हो । स्कुल सिध्याएको एक दुई जनाले सानो जागिर सम्म खान नसक्नेको अहिल्येको अवस्थाले गाउँघरमा शिक्षा प्रति अझ नैराश्यता उत्पन्न गराएको भेटिन्छ ।

> सुडा गा.वि.स. वडा नं. १ निवासी भगतलाल दुर्गौंरा २०१३ साल अघिका मध्यम वर्गिय किसान हुन् । उनको त्यसबखत १२ बिगाहा जमिन थियो । उनले २०१३ सालमा जारी तिर्न नन्दराम बोहोरासंग २००० रू. लिए र २००० रू.को ऋणलाई २०००० रू. लेखि तमसुक बनाउदा निरक्षरताको कारणले थाहा पाउन सकेनन् । अन्ततोगोत्वा भगतलाल दुर्गौंरालाई त्यो ऋण तिर्न आफ्नो ८.५ बिगाहा जमिन नन्दराम बोहोराको नाममा पास गरिदिन कर लाग्यो । अहिले भगतलालका परिवार जिवीकोपार्जन गर्नु अघिया गर्न र कमैया बस्न बाध्य छन् । ७

वैकल्पीक रोजगारको कमी :

धेरै समय सम्म यातायातको साधन सडक सम्म पनि नहुँदा जो जिल्लामा बहिर्गमनको विकल्प नै थएन । कृषि व्यवसायबाट विस्थापित भएका वर्ग पेशी कृषि क्षेत्रमा नै पनि बाध्यता भयो । हाल सम्म पनि जिल्लाको आर्थिक गतिविधिमा कृषि किसानको विकल्प

नआएको, उद्योग धन्दा र व्यापारको विकास हुन नसकेको कारण पुरानो अवस्थामा चल्ने किसिमको परिवर्तन पाइदैन । त्यसैले सौंकी नभएको अवस्थामा पनि कमैयाले विकल्प खोजन सक्तैन र कमैया नै भई बस्ने गर्दछ ।

महाजनी व्यवहार :

कञ्चनपुर जिल्लामा महाजनहरू भन्दा सिस्गढ, भारतबाट आएका मुसलमान व्यापारीहरू बढी छन् । यी महाजनहरूको व्यापार भनेको रुपैया एकदमै आवश्यक भएका किसानहरूलाई गाउँ गाउँ मै पुगी, उनिहरूलाई रुपैया लगानी गर्ने र त्यसको असुलीमा अन्न पाकेको बेला महाजनहरूले अन्नको मुल्य आफै तोकी अन्न नै लिएर जाने गर्दछन । ब्याजको साटो भनेर पुजुना (यप अन्न) पनि उस्ले भने जति दिनु पर्ने हुन्छ । महाजनहरूले तोकेको मूल्य बजारको मुल्य भन्दा एकदमै कम हुने गर्दछ । यसरी सानो ऋण लिई किसानको आफ्नो उत्पादनको ठूलो हिस्सा गुमाउनु पर्ने हुन्छ । यस अतिरिक्त गाउँघरमा आवश्यक हुने लुगा फाटा दाउ लिएर कृषि सामग्री सम्म आवश्यकता अनुसार किसानहरूको घर घरमा पुऱ्याइदिने र माथी उल्लेख गरे मैं त्यसको असुली अन्नमा लिने गर्दछन । निःशुल्क पनि यो व्यवहार किसानहरूलाई सुविधाजनक देखिए पनि उनिहरूले यो सुविधाको [illegible] मूल्य चुकाइ राखेका हुन । यस व्यवहारले उनिहरूको [illegible] [illegible] छ ।

यसरी धेरै गरी सम्पन्न किसानको जमिन आफ्नो अधिनमा लिई [illegible] लगाउने र कहिं कहिं जमिन्दारसंग मिलोमतो गरी जग्गा उम्कको [illegible] गरेको छन । हाल यो महाजनी प्रथा एकदमै कम देखिए पनि थारु किसानहरूको [illegible] अवस्था तल माथि पर्ने यो प्रथाले ठूलो भूमिका खेलेको छ ।

कमैया प्रथा मित्र बाँध मजदुरहरू

परिचय:

कमैया प्रथामा बाँध मजदुर भन्दा पुर्खा, परिवार, नातेदार, परिचित अथवा आफै माथि विविध कारणबाट लागेको ऋण तिर्न बाध्य पारी ऋण नतिरुन्जेल मालिकको इच्छा अनुसार विशेष गरी खेतीपाती र घरधन्दाको कुनै पनि कम कुनै पनि बखत कुनै पनि समय मालिकको लागि गराउन सक्ने गरी राखिएका व्यक्ति अथवा जबरजस्ती एक तर्फी लादिएका शर्तहरूमा काम गर्न बाध्य बनाईएको व्यक्तिहरू जनाउँदछ । ऋणी व्यक्तिहरू उल्लेखित कामको लागि उस माथि परेको ऋणको आधारमा किनिने र बेचिने हुन्छन् । यसरी किनिएका अथवा बेचिएका व्यक्तिहरू पुर्णत उल्लाई खरिद गर्ने व्यक्तिले निर्धारण गरे अनुसारको कामको अवस्थामा बस्न बाध्य हुन्छन् । कमैया प्रथा मित्र बाँध मजदुर भन्दा सम्पुर्ण कमैया बाँध छैनन् भन्ने जस्तो बुझिए पनि अहिल्येको परिवेशमा उनिहरूको जीवन पद्धति र कार्य अवस्था हेर्दा सम्पूर्ण कमैयाहरूलाई (सामान्य अवस्थामा रहेका कमैयाहरू समेत) बाँध मजदुर को परिधीमा राख्न सकिन्छ । कमैयाहरू भन्ने चित्तिकै जिवन धान्नको निम्ति कुनै पनि कामको अवस्थामा काम गर्न बुझेर अथवा नबुझिकन बाध्य भएका अथवा बाध्य गराइएका कृषि मजदुरहरू हुन् । उनिहरूको बाध्यता चाहे अहिल्ये सम्मको असुरक्षित समाजको वातावरणले होस् अथवा मालिकको डर त्रास अथवा शक्तिले होस् सामाजिक भन्न मिल्दैन । कमैयाहरू समान्य अवस्थामा भन्दा ऋण नहुदाको अवस्थामा र उदार मालिकहरूमा (जहा साझा सहमतिमा कामको अवस्था र सुविधाहरू निर्धारण गरिन्छ) रहदाको अवस्था बुझिन्छ । समाज र देशको सिंगो वातावरण यस्ता वर्गहरूको लागि असुरक्षित हुदा सामान्य मालिकसंगको मनमुटावमा र थोरै आर्थिक कठिनाईहरूको अवस्थामा सामान्य अवस्थामा रहेका कमैयाहरू पनि साँजले र संघे बाँध मजदुर हुन सक्ने सम्भावना देखिन्छ ।

वर्गिकरण :

कन्चनपुर जिल्लामा बाँध मजदुरको प्रकृति हेर्दा सामान्यतया पिनीहरूलाई वंशज अथवा परिवारको नाताले बनाइएको बाँध र जबरजस्ती शक्तिको प्रयोग र कमैयाको लागि असुरक्षित वातावरणको फाइदा लिई एक तर्फी रूपमा लादिएका कामको अवस्थामा सौंको नतिरुन्जेल सम्मको अवधिको लागि काम गर्न बाध्य बनाइएको बाँधको रूपमा वर्गिकरण गर्न सकिन्छ ।

कन्चनपुर जिल्लामा पहिलो वर्गिकरणका बाँधहरूमा अधिकांश बाबु माथिको ऋण बाबुको अन्त्यमा अथवा उस्को कार्य असक्षमतामा छोराहरूकोमा सर्ने र त्यस ऋणको निम्ति उनिहरू कमैया भई बस्ने पर्ने अवस्था देखिएको छ । कुनै कुनै ठाउँमा बाबु आफैक परिवारको कुनै सदस्य माथिको ऋणको निम्ति उस्ले त्यो ऋण कारणवश नतिर्दा परिवारको अन्य सदस्यले ऋण तिर्न कमैया

देखतभुलीमा नै जन्मेर हुर्केका ५६ वर्षका छिदुवा खुना २०३४ सालमा जेठो छोराको विवाह गर्न परमानन्द जोशीसंग ५००० रू. ऋण लिन्छन् । यो ऋण तिर्न नसक्दा त्यति खेर अफुसंग रहेको ११ विगाहा जमिन परमानन्द जोशीलाई नै बिक्री गर्छन् तर पनि ऋण असुल हुन सक्तैन । ऋण झन झन बढ्दै जान्छ । आफु कमैया भई २ वर्ष बस्छन् । ऋण असुल हुन सक्तैन । अन्तमा आफ्नो साटो ३ छोरा र १ बुहारीलाई त्यहि घरमा कमाउन राख्नु बाध्य भएको उनि बताउँदछन् । १० वर्ष भन्दा बढी समय देखि यसरी परिवारले नै काम गर्दा पनि सौंकी घटेको छैन् । हाल यो परिवारको जोशीको घर मा ५०००० सौंकी पुगेको छ ।

छिदुवा खुना

N-4

P-8

नजिकको नातेदार अथवा परिचित व्यक्तिले कारणवश ऋण तिर्न नसक्दा अर्को व्यक्तिलाई उस्को ऋण स्विकार्न लगाई अथवा मालिकको घरमा चोरी हुदा चोरीको इल्जाम गलाई चोरी भएको बस्तु बराबरको रकम अर्को व्यक्तिको टाउकोमा थोपरी अथवा गाइवस्तु मर्दा मरेको गाई वस्तुको मुल्य काम गर्ने व्यक्तिको सौंकीमा हालेर जबरजस्ती नै आफ्नो शक्तिको भरमा कमैया बस्न र त्यस्ता रकमहरू तिर्न बाध्य बनाउँदछन् । यसरी बाध्य बनाइएका कमैयाहरू ठोसो बाँधिकरणका बाँध मजदूरहरू हून् ।अर्को मालिकबाट सौंकीको आधार मा किनिएर ल्याइएका अथवा सौंकी भएका कमैयाहरू पनि यहि बाँधिकरणका बाँध मजदूरहरू हून । यो बगिका बाँध मजदूरहरूको कामको अवस्था र सुविधा सौंकीको आधारमा एक वर्षे रूपमा निर्धारण गरिने हुन्छ । जिल्लाहरू बाँधिएमा एक वर्षका लागि राखिएका भए पनि डोनेरहरूको सौंकी अमुल हुन अर्को उपाय नभए सम्म अथवा उस्लाई किन्न अर्को मालिक नआए सम्म उस्ले त्यति असेर मालिकको मनोमालिन्य ढंगको व्यवहारमामा काम गर्ने पर्ने हुन्छ । यस किसिमको बाँध मजदूरहरू कन्चनपुर जिल्लामा सबैभन्दा बढी संख्यामा पाइएको छ ।

बस्नलाई समेत जग्गा नहुदा रामपुर बिलासपुर गा.वि.स. को वडा नं. ३ मा मर्दा गाडने ठाउँ ओगटी घर बनाई बसेका काशीराम चौधरीलाई ७००० रू. को ऋण छ । यसै ऋणको निम्ति उनि यदि गाउँ विकास समितिमा चरमावालाकोमा ८ वर्ष देखि कमैया भई बस्न बाध्य छन् । सौंकी ७००० रू. मात्रै भए पनि चरमावालाको शर्त एकदमै कठोर छ । काशीराम चौधरी पुरै ऋणको ब्याजमा काम गर्दछन् । उनले खाना आहेक केही पनि पाउँदैनन् । काशीराम चौधरीको ५ जनाको परिवार मुर्दागाड्ने ठाउँ भएपनि आफ्नै घरमा बसी छोरा कमैयाको बोहोडामा जिवीका चलाउँदैछन् ।

मालिकको सम्पुर्ण शर्त स्विकार्न बाध्य काशीराम चौधरी

बाँध मजदूरको कामको अवस्था र सुविधा

गरयौरा : सामान्य अवस्थामा एक कमैयालाई ७२० कि.ग्रा. गरयौरा दिइन्छ । [illegible] ७२० कि.ग्रा. धान एक जनालाई वर्ष दिन खानको लागि पर्याप्त हो । [illegible] कु. धानले एकजना काम गर्ने व्यक्तिलाई खान पुग्दछ । तर काम गर्ने कमैया एकजना हुन्छन् । उस्को परिवारको सदस्यहरू कम्तिमा औसति मालिकको काममा संलग्न [illegible] । यस्ले गर्दा दिइएको मरयौराको मात्राले परिवारलाई त परै जाओस् दुईजनालाई पनि खानलाई पुग्दैन । आफ कहि कहि मरयौराको मात्रा पनि कमैयाको सौंकी र परिवारमा काम गर्न सक्ने संख्याको आधारमा ७ कु. भन्दा पनि घटि हुने गर्दछ । परिवारबाट कम्तिमा दुई व्यक्ति काम गर्न सक्ने भए वा सौंकीको मात्रा कम भए मात्र कमैयाले ७.२ कु. धान पाउन हुन्छ । यो ७.२ कु. धान पनि कमैयाले एकमुष्ठ पाउँदैन । उस्लाई पटक पटक गरिए केही निश्चित नाप तौल नभएका चिजहरूको आधारमा अन्दाजी दिइन्छ । निरन्तर कमैयाले उस्ले कति पायो अर्थात शर्त अनुसार पायो पाएन यकिन गर्न सक्तैन । उ सधैं अलमलको अवस्थामा हुन्छ ।

कतिपय ठाउँमा प्रत्येक छाक मरयौराको रूपमा चामल नै दिन गरेको पनि भेटिन्छ । प्रत्येक दिन चामलको लागि दुई पटक सम्म भिख मागे जस्तो गरी मालिकको चौरमा उभिनु पर्दा यसरी मरयौरा दिइने चलनमा कमैया र बुक्रहीलाई संधै हिनताबोधको वातावरण हुने गर्दछ । यस किसिमको चलनमा पनि हिसाबको समस्या त छदैछ ।

केही सजग कमैयाहरू हरेक पटक दिइएको मरयौरा सनपाटको डोरीमा गाँठो पारी सम्झने कोशिष गर्दछन् । यसरी डोरीमा पारिएको गाँठोले उस्ले पाएको मरयौराको

पटक जनाउछन् । तर हिसाबको प्रकृति यसै सरल नहुँदा यसरी पारिश्रमिक [illegible] उम्लाई धेरै सहयोग गर्न सक्दैन । अधिकांश कमैयाहरू हिसाबको विषय मालिक र विषय हुनुपर्दछ । त्यसैले हिसाब साँचो अथवा गलत भन्ने कुरा पूरै मालिकको जगजाहेरमा [illegible] गर्दछ । मजदूरको रूपमा अन्न नदिइ खान नै दिने चलन पनि छ । यो मजदूरमा अन्न दिने चलन भन्दा कमैयाको लागि उपयुक्त सुरक्षित देखिन्छ । यो चलनमा काम गर्ने व्यक्तिलाई सबैलाई खाना दिइदा उनिहरूलाई खान नै नपुग्ने भन्ने हुँदैन । तर यहाँ दाउरा बनौरा चाहेका परिवारको सदस्यले काम गर्दा पनि खान पाउँदैनन् । खाना दोस्रो स्तरको दिइनु र भेदभाव गरिनु पूर्ण ढंगले कमैया र मालिकको लागि अलग पकाइनु यो चलनमा साधारण नै हो ।

<u>बिगाहा (बोहोडा):</u> पारिश्रमिकको रूपमा दिइने बिगाहामा पनि बिगाहा दिइने तरीका अनुसार फरक फरक नरिकाबाट कमैयालाई मर्का परेको देखिन्छ ।

<u>बिगाहा जमिनको रूपमा :</u> बिगाहा भनेर छुट्टै अन्न नदिइ तिन मन कच्चा छिटवा अथवा ६० कि.ग्रा. सम्म धानको बिउ लाग्ने बराबरको खेत कमैयालाई छुट्याउदा छर्दा ओगट्ने जमिनको क्षेत्रफल नभई रोप्दा ओगट्ने जमिन बराबर हुने र फेरी गणितिय तरीकाबाट बिउ तौलेर खेती नगरीने हुदा मालिकको अन्दाजमा यति हुन्छ भनेर दिएको जग्गा रिचकार्नु पर्दछ । साधारणतया यसरी दिएको जग्गा ५-६ कठ्ठाको लगभगमा हुन गर्दछ ।

कसै कसैले बिउलाई आधार नबनाई बिगाहा भनी करिब ५ देखि लिएर १० कठ्ठा सम्मको जग्गा कमैयालाई छुट्याउदछन । शर्तमा जमिनको क्षेत्रफल उल्लेख गरिन्छ भने पनि जग्गा नाप्ने अवैज्ञानिक तरीकाले गर्दा कमैयाले शर्त अनुसारको जमिन पाउँछ भन्न सकिदैन । अगसर गरेर बिउको आधारमा होस् अथवा त्यसरी छुट्याइएको जग्गा होस् मालिकको जग्गादेखि मध्यको कमसल जग्गा हुने गर्दछ र त्यस जमिनलाई पुरै [illegible] बारीको संज्ञा दिइ फरक नपर्ने हुन्छ ।

साधारणतया यस जिल्लामा (महेन्द्रनगर पालिका र सुडा गा.वि.स. छोडेर) सिंचाई अधिकांश मै निर्भर गर्दछ । आफ्नो खेतीमा पानी परेको बेला बाली लगाउनु सबैको साझा उद्देश्य राम्रो हुने गर्दछ ।

> <u>कन्चनपुरको गाउँहरू जग्गा नापिने तरीका</u>
> १ जंजीर = ६ हात
> २० जंजीर X २० जंजीर = १ बिगाहा
> राना थारूहरूले आम प्रचलन भन्दा भिन्न तरीकाबाट जग्गा नाप्ने गर्दछन् । उनिहरूको चलनमा
> १ कच्चा बिगाहा = २० कदम X २० कदम
> ६ कच्चा बिगाहा = १ बिगाहा

कमैयालाई एक त मालिकले अह्राएको काम गर्दै फुर्सद हुँदैन, अर्को बिउ, मलखाद जुटाउन सक्दैन र अझ पानी परेको बेला बाली लगाउन नसक्दा उसलाई दिएको बिगाहाको उत्पादनी सहजै अनुमान गर्न सकिन्छ । यस जिल्लाका कमैयाहरूले धान बाली भाद्र महिनामा मात्र लगाउन भ्याउँदछन् । त्यसैले अगसर गरेर कमैयालाई छुट्याइएको जग्गाको उत्पादन एकदमै न्युन देखिएको छ । एकदमै राम्रो हुदा ५ कु. सम्म धान हुने कुरा [illegible] बताउँछन् ।

जग्गा राम्रो भएको ठाउँहरूमा ४० देखि ६० रु. सम्म मालिकको माटोको र [illegible] भोग कमैयाबाट छुट्टै उठाउने गरेको पनि सुनिएको छ । कमैयालाई छुट्याइएको जग्गाबाट चाहिने बिउ, खाद र गारुको पराल पनि मालिकले रूपैयामा रूपान्तर गरी कमैयाको [illegible] मै जोड्ने गर्दछन् ।

<u>बिगाहा नगद र अन्नको रूपमा :</u>

प्राय बजारसंग नजिकको क्षेत्रमा बिगाहा नगदको रूपमा पनि दिइन्छ । मासिक हिसाबमा उमेर अनुसार प्राय १०० देखि ३०० रु. सम्म दिएको भेटिएको छ । यसरी नगद मै एक

मुष्ट कमैयाले पाउँदा उल्लेखित जमिन दिने विगाहा पद्धति भन्दा यो कमैयाको लागि राम्रो भए पनि वार्षिक यसरी उस्ले पाउने रकम उस्को न्युन आवश्यकता भन्दा एकदमै कम छ । विगाहा जमिन र नगदको रूपमा नदिइ धानमा दिंदा सामान्य आवस्थामा ४ देखि ६ कु. सम्म वार्षिक धान दिएको पाइन्छ । यो चलन जमिन दिने पद्धति भन्दा राम्रो भए पनि नगद भै उनिहरूको वार्षिक न्यून आवश्यकता भन्दा धानको मात्रा एकदमै कम छ । फेरी बजार क्षेत्र बाहेकका ठाउँहरूमा धान दिंदा निश्चित नाप नभएका बोरा अथवा भाँडाबाट नापी दिइने हुदा शर्त अनुसार नै कमैयाले धानको मात्रा पायो भन्न सकिंदैन ।

मस्यौरा र बिगाहा बाहेकका सुविधाहरूमा लुगा फाटा दिने चलन पनि छ । यसै काम गर्नेलाई वर्षमा १ जोर नयाँ लुगा दिने भनिएता पनि सबै ठाउँमा नयाँ लुगा दिएको देखिंदैन । मालिकको परिवारले प्रयोग गरेका पुराना लुगाहरू दिएर नै धेरै गर्दछन् । यसरी मालिकसंगको मनमुटावमा दिएको कपडाको मुल्य पनि सौंकीमा जोडिएको पाइएको छ ।

जे जस्ता भए पनि विगाहा र मस्यौरा दिने आम चलन हुदा हुदै धेरैजसो कमैयालाई खानामात्र दिएर सौंकीको ब्याजमा काम गराइन्छ ।

सौंकी : सौंकीलाई कमैयाको चलनको अवस्थाको मापदण्डको रूपमा हेर्न सकिन्छ । कमैया बाँध हुनुको मुख्य आधार सौंकी हो । सौंकी भन्दा कमैया माथी लागेको ऋण बुझिन्छ । यसैको आधारमा (मालिकलाई चित्त नबुझ्दाको अवस्थामा) कमैयालाई एक मालिकले अर्को मालिकलाई बिक्री गर्ने अथवा सौंकी तिर्न बाध्य बनाइएको अवस्थामा कमैया आफैंले आफुलाई बिक्री गर्नु पर्ने हुन्छ ।

सैद्धान्तिक रूपमा कमैया र मालिकको अनुबन्ध एक वर्षको लागि हुन्छ र तर व्यवहार मा सौंकी रहुन्जेल सम्म कमैयाले मालिकलाई छोड्न सक्तैन । वर्ष दिनको अवधिमा ऋण (सौंकी) तिरेर ल्याइएको व्यक्ति कमैयाबाट धेरै काम लिइ आफ्नो रकमको उपयोग मालिक गर्न चाहन्छ भने कमैया सुविधानजक तरीकाबाट मालिकको काम गर्न खोज्छ । यसै द्वन्दमा वर्षभरिको अवधिमा मालिक र कमैया बिच ठाउँ ठाउँमा मनमुटाव हुने गर्दछ । परिणाम स्वरूप कमैयालाई उस्को सौंकी तिर्न दबाव दिइन्छ र कमैयाले सौंकी तिरी दिन सक्ने अर्को नया मालिक खोज्नु पर्ने भए मालिकले निधो गरिदिएको नयाँ मालिकको मा जानु पर्ने हुन्छ । धेरै सौंकी भएकाहरूलाई अर्को मालिकले खोज्न धेरै समस्या देखिंदैन । तर धेरै सौंकीवालहरू आफ्नो धेरै कुरा गुमाएर मात्रै अर्को मालिक भेटाउने गर्छन् । त्यसो हुदा धेरै सौंकी हुनेहरू पुरै नयाँ मालिकले थोपरेको शर्तमा बस्न बाध्य हुन्छन् अथवा कुनै पनि अवस्थामा पुरानै मालिकसंग बस्नु पर्नेहुन्छ ।

कमैया किनिने अथवा बेचिने कुराको अर्थ पनि खोई खोज्नु पर्ने जस्तो लाग्छ । चाम्नबमा कमैयाले लिएको ऋणको लेनदेनको आधारमा ऊ बेचिएको अथवा किनिएको भन्न मिल्दैन । कमैयाले शुरूमा ऋण लिंदा ऊ कसैको ऋणी मात्र हुन्छ । जब अर्को मालिकले आफ्नो शर्तमा उसको ऋण तिरी दिएर उस्लाई लिएर जान्छ भने त्यसिखेर नयाँ मालिकसंग मालिक र ऋणीको सम्बन्ध नभएर मालिक र किनिएर ल्याइएको बस्तुको जस्तो हुन पुग्दछ । ऊ पुर्ण रूपमा नया मालिकले दिएको अवस्थामा बस्न बाध्य हुन्छ ।

> कमैया किनिएको भन्नु भन्ने प्रसंगमा कस्तोसम्म किनिएको देखिएको एउटा पक्षलाई चित्त बुझिन्छ । मालिकलको परिवारमा अंश बण्डा हुदा जसरी परिवारमा घरको सम्पतिको विभाजन हुन्छ त्यसरी नै सम्पति सरह कमैया पनि परिवारको भाग बण्डामा पर्न गर्दछन् ।

सौंकी बढ्ने कारणहरू :

सौंकी बढ्ने कारणहरू धेरै छन् ति मध्ये अनैतिक रूपमा बढाइने कारणहरूमा मुख्यतया तलदिइएका कारणहरू हुन् ।

१. कमैयाले पाउने सुविधाले उस्को परिवारको न्यून आवश्यकता पनि परिपुर्ति नहुने हुदा धेरै खान र लगाउन कै लागि उस्ले अन्न अथवा नगद सौंकीमा जोडिने गरी मालिकसंग लिनु पर्ने हुन्छ । अन्न लिंदा त्यसको मुल्य मालिकले आफ्नो इच्छा अनुसार राख्ने गर्दछ र प्राय त्यो मुल्य त्यस अन्नको सिजनको मुल्य नभएर वर्षभरिमा कायम भएको

सबभन्दा बढि गुल्स हुने गर्दछ ।

२. धरै ठाउँमा कर्मचारीलाई किनेर ल्याइएको रकम अर्थात अग्रिम मालिकलाई दिएको रकममा ब्याज नलिए पनि अधिकांश मालिकहरूले बीच बीचमा कर्मचारीलाई आवश्यक नई दिएको नगद अथवा जिन्सीमा भने ब्याज लगाउने गर्दछन् । यसरी लगाएको ब्याजको दर प्रायशः सबभन्दा बीच अर्थात वार्षिक ६०% भन्दा कडी हुने गरेको पाइएको छ ।

३. मालिकको खेतीको लागि प्रयोग हुन हलो, कोदालो दौरा लिएर गएर, पाक सम्म काटे पनि वस्तु वा जनावर कर्मचारले प्रयोग गरी राख्दा बेला बिरुन, मरे अथवा हराएर गएमा त्यसलाई कर्मचारीको अपराधको रूपमा लिने र त्यस वस्तु अथवा जनावरको मूल्य बराबरको रकम कर्मचारीको साँकीमा जोड्ने गरिन्छ । यस अतिरिक्त कतै कतै मालिकको चोरी भएको समान कर्मचारीलाई चोरीको आरोप लगाई सामानको मूल्य साँकीमा जोडेको पाँच पाइएको छ ।

४. मालिकको इच्छा विरुद्ध साविकको मालिककोमा काम गर्न नचाहेमा उसलाई जबर जस्ती राख्न साँकी कृतिम रूपमा बढाउने चलन पनि छ । कर्मचारी प्रथामा मालिक र कर्मचारी बीच भएको लेनदेन लिखित रूपमा देखिदैन । कर्मचारीको निरक्षरताको कारण हिसाबको सम्पूर्ण जिम्मेवारी मालिकले आफूमा राखेको हुन्छ । फेरी सम्पूर्ण हिसाब किताबको लेखाजोखा माघीको भोलीपल्ट वर्षमा एक दिन मात्रै हुने गर्दछ । यस अर्थमा मालिकले चाहेको रकम, चाहेको बखत साँकीमा बढाउन सक्ने हुन्छ ।

धरै साँकी भएका मालिकहरूले भने तमशुक बनाई राखेको भेटिएको छ यस्ता तमशुकहरू मालिकले आफूलाई फाइदा हुने अवस्थामा भएको अन्यथा नभएको बताउने गर्दछन् ।

श्री खुर्सी राम
साँकी रु. २२.०६६१--
ब्याज रु. छक्कीएला १६।५

१. श्याम लाल चौधरी तपाईंको साँकी राखेर मिलाई दिएको रकम पुगेको छ
१३।५।३५

श्याम लाल चौधरी र खुर्सीरामको ऋणको तमशुक । यस्ते तमशुकहरू माफत कर्मचारहरू किनिने अथवा बेचिने हुन्छनन् ।

कामको समय र छुट्टी :

कञ्चनपुर जिल्लामा आधुनिक प्रविधिको प्रयोगमा खेतीपाती नहुने हुदा कुनैपनि काम निश्चित समयमा शुरू गरी निश्चित समयमा सक्ने भन्ने हुदैन । सबैकामको र ती कामहरू समयमै सिध्याउनु पर्ने जिम्मेवारी कर्मचारीलाई नै हुन्छ । आकाशे पानीमा खेत जोत्नु पर्ने र रोप्नु पर्ने हुदा कुनै पनि बखत कर्मचारी र उसको परिवार त्यसको निम्ति तयार रहनु पर्दछ । कर्मचारीले खेत जोत्ने समयमा बिहान तीन बजे देखि लिएर गरुवाहरू गाडामा राखी आलि काढा सम्म पुऱ्याउनु जाँदा राती १०,१ बजे सम्म काम गर्नु पर्ने हुन्छ । चुलहीले बाँधि बिहान उज्यालो भए देखि बलुका मालिक र उसको परिवार नमुन्दा सम्म कामको लागि तयार

थारू संस्कृतिमा नानी जन्मेपछि नानीको नाभि नझरे सम्म सुत्केरी चोखिएको ठहर्दैन । बुत्कहीको रूपमा काम गरी राखेका कर्मचारीको श्रीमति सुत्केरी हुदा मालिकको काममा हर्जा हुने गर्दछ । सो हुन नदिन जोसिएर सुत्केरी भएका २-३ दिन पछि नै (नाभा नझरेकोको अवस्थामा) नानीको नाभिमा तेल लगाएर कृतिम तरिकाबाट नाभि झार्न गर्दछन् ।

रहनु पर्दछ ।

अशक्त अवस्थामा पाय २-४ दिन बाहेक छुट्टी पाउँदैनन् । धेरै दिन कमैया अथवा बुढ्ढी बिरामी भई काम गर्न नसक्दा उसको सट्टामा कमैयाको परिवार अथवा नातेदार ले आई काम गर्नु पर्ने हुन्छ । बुढ्ढी सुत्केरी हुदा ४-५ दिन बाहेक छुट्टी पाउँदैनन् । हुनलाइ त पहाडीमुलको घरमा २२ दिन सम्म पानी चल्दैन । तर व्यवहारमा मालिकको घर भित्रको काम बाहेक बाहिरको काम ४-५ दिन पछि नै शुरू गर्नु पर्ने हुन्छ । बिरामी खर्च कमैयाले पाउँदैनन् । सो खर्च सौंकीमा जोडिने गरी लिनु पर्ने हुन्छ ।

असोज र माघ महिना खेतीपाती गरिने ठाउँमा कम काम हुने महीनाहरू हुन त्यसैले यस महिनामा पर्ने दशैंमा ३-४ दिन र माघीमा ५-६ दिन छुट्टी दिने गरिन्छ । छुट्टी पाएका दिनहरूमा पनि बिहान र बेलुका गरिने नियमित गाईवस्तु र घरधन्दाको कामआउ भने छुट्टी मिल्दैन । मालिकको सहमति बेगर कारणबश काममा जान नसक्दा तलबमा दिनु पर्ने हुन्छ । परिवारले समेत काम गर्दा दैनिक २० रु. पाँच नदिइने ठाउँमा दिनको १०० रु. सम्म तलबमा लिने गर्दछन् ।

सुडा गा.वि.स. वडा नं. १ मा १२ वर्ष देखाबाट चलाएका र ७ वर्ष कमैया रही बसेका नेसीराम चौधरीको २०५४ साल वैशाख १ गते मालिकको घर मा ध्रसर चलाउँदा दुबै हात कटिएको । कटिएको हात उपचार गर्न नेसीरामको ३४०० मा.रु. खर्च भयो । यस्तो अवस्थामा पनि अन्य सहयोगको त के कुरा गर्ने उसले मालिकबाट उपचार खर्च समेत पाएन । हाल उनि अर्कै मालिककामा खेती गर्दछन् । नेसीरामको परिवारमा ८ जना सदस्य छन् । यति ठूलो परिवार नेसीरामले एउटा हात नहुदाको अवस्थामा पनि जसो तसो पालि राखेको छ । नेसीरामको असाधारण मेहेनतले नै यो सबै सम्भव भएको हुन पर्छ ।

मालिकको व्यवहार :

धेरै कमैयाहरू मालिकको व्यवहार नराम्रो भएको बताउँछन् । मालिकको आशय अनुसार काम नगर्दा कमैयालाई गाली बेइज्जती गरिनु त सामान्य कुरा हो । ठाउँ ठाउँमा त कुटपिटको घटनाहरू पनि सुनिएको छ । कुटपिट हुदापनि सौंकीको कारणले गर्दा अन्यत्र जान नसकेको घटनाहरू पनि भेटिन्छन् । पुरेना गाउँमा मालिकको चित्त नबुझ्दा चित्त नबुझेको कमैयालाई अर्को कमैया साथमा पिटने गरेको घटना पनि भेटिएको छ ।

नेसी राम चौधरी

बिरबल चौधरी

म.न.पा. बागफाँटाको कमैया बिरबल चौधरीको मालिक हेम बहादुर रुचार आफ्नो कमैयालाई किसेर ल्याएको गाई बस्तुको जस्तो व्यवहार गर्नु हुन्छ । बिर बल चौधरी भन्छन, मलाई, मेरो श्रीमति माइति चौधरीलाई र मेरा नानीहरूलाई मालिक र उनको परिवारले पटक पटक पिटेका छन् । तीन चर्ष अघि मालिकको छोराले आफुलाई फलामको डण्डाले पिटी उपचार सम्म गर्नु परेको कुरा उनि बताउछन । अचम्मको कुरा यस्तो अवस्थामा पनि हेम बहादुर रुचारलाई बिरबल चौधरी छोड्न सक्तैनन ।

यौन शोषण :

यस समाजमा यौन स्वच्छन्दतालाई भावनात्मक र आलोचनात्मक दृष्टिबाट हेरिदैन । बाल विवाह, अनमेल विवाह र अन्य परम्परा (सानैमा मंगनी गरि दिने, मंगनी गरेको धेरै अन्तराल पछि मात्र विवाह गर्ने, राना थारूमा विवाह पछिको एक वर्ष केटी माइतमा नातेदारकोमा नबसी अन्यत्र बस्ने, होली पर्व मनाउदा लामो समय सम्म युवा युवती घरमा नबसी अन्यत्रै बस्ने, जारी तिरी अर्काको स्वास्नी ल्याउन पाइने, विवाह नगरी जन्मेको बच्चालाई देवताले दिएको भनि खुशी साथ स्विकार गर्ने, अत्याधिक रक्सीको सेवा गर्ने आदि) को परिणाम स्वरुप उठ्जएको जस्तो लाग्ने यो यौन स्वच्छन्दता व्यापक रूपमा उनिहरूमा पाइन्छ । यो यौन स्वच्छन्दता संगसंगै उनिहरूमा शिक्षाको कमिले गर्दा उनिहरू यौन शोषण भनेको बुझ्दैनन् । र बुझे पनि यौन शोषणको अवस्थामा डर र त्रासको कारणले यस्ता घटनाहरू बाहिर ल्याउदैनन् । अत्यन्त मार्मिक अवस्था जहा यौन शोषणको मार्फत कुरा हुदैन , शारीरिक र मानसिक पिडा पाने चोटिएको हुन्छ त्यति खेर मात्र यौन सम्पर्कको उल्लाराण उनिहरू गर्दछन् । यस्ता गर्दा मार्मिक अवस्था बाहेक अन्य समयको यौन शोषणहरू बाहिर सुन्नमा त्यति आउदैनन ।

थारू समाजमा घटेका यौन शोषणको केही घटनाहरू भुन्डा कमैया परिवारमा जो अधिकांश थारू नै हुन र अर्काको अधिनमा रहेका उनिहरूमा यस किसिमका घटनाहरू घटेका हुनन् भनेर भन्न सकिदैन ।

कृषि व्यवसायबाट विस्थापित भएका बाइसीविचवा विकास बस्ती निवासी कालीचरण चौधरी, पचकडी प्रहरी चौकी इन्चार्ज कुवेर चन्दकोमा २०४६ साल देखि खाना बनाइ दिने नोकरी गर्दै आएका हुन् । उनलाई खाना पकाई दिए वापत मासिक ३०० रू. र खाना दिइन्थ्यो । यहि लाग्नेको पारश्रमिकमा कालीचर ण चौधरीको श्रीमति सावित्रा देवि चौधरीलाई चौकी सफा गर्न देखि लिएर प्रहरी जवानका लुगाफाटा समेत धुन लगाइन्थ्यो । यस अतिरिक्त कालीचरण चौधरीलाई कामको बहानामा बाहिर पठाइ पटक पटक प्रहरी इन्चार्ज कुवेर चन्द आफैले सावित्रा देवीलाई डर धम्की देखाएर बलत्कार गर्ने र संगसंगै अन्य थारू केटीहरू पनि खोज्न दबाब दिने गरेको सावित्रा देवी आफै भताउदछिन् । पटक पटक चन्दको यस किसिमको व्यवहार दोहरिदा सावित्रा देवीले लोग्नेलाई सूचित गरिन् । डर त्राशको

सावित्रा देवी चौधरी

वातावरणले गर्दा कालीचरण र साथिहरूले भारयलाई दोष दिंदै आर्थिक सम्बन्धको बारे मा एक शब्द पनि नबोलि त्यो नोकरी छोडिदिन विचार गरे । विभिन्न तरीकाबाट शोषण गर्ने पल्कंका प्रहरीलाई यो सहय भएन र कालीचरण चौधरीलाई रक्सी खुवाएको जोशमा खुब पिटे । यो पिटाई पश्चात मात्र त्यो परिवार माथि भएको शोषणको कथा बाहिर आयो। यस्ता घटनाहरू प्रशस्त घटने गरेपनि सुरक्षाको अभावले बाहिर आएको कमै भेटिन्छन

थारू परिवारमा कमैया :

कञ्चनपुर जिल्लामा कमैयासंगको सम्बन्धमा स्पष्ट हुई किसिमको पहाडीमूलको मालिक र थारू मालिकको व्यवहार देखिएको छ । थारू मालिकको व्यवहारमा ज्यादा सहयोगको भावनामा भेटिन्छ भने पहाडिमुलका मालिककोमा ज्यादा शोषणको भावना देखिएको छ । थारू परिवारमा कमैया राख्नु भन्दा काम गर्न राखिएको मात्र नबुझेर आर्थिक अवस्था कमजोर भएकालाई सहयोग गर्न भन्ने पनि बुझिन्छ । त्यसैले थारूहरूमा भरिएका आफ्नै नातेदार जो आर्थिक अवस्था कमजोर भएको कारण दुःखी हुन्छन, त्यस्ता व्यक्तिहरूलाई कमैयाको रूपमा ल्याई राखेको पाइन्छ । उनिहरूसंगको व्यवहार परिवारको सदस्यहरू संगको व्यवहार जस्तो हुनेगर्दछ । हुन लाई त थारूहरूमा कमैयाले पाउने बिगाहा चलेको मान्यता भन्दा बढी देखिदैन तर कामको अवस्था पहाडीमुलका व्यक्तिहरूकोमा भन्दा धेरै राम्रो देखिएको छ । थारू परिवारमा मालिकको घरको कामकाज सम्पूर्ण रूपमा मालिकको परिवारले गर्ने र खेतीपातीको काम पनि कमैया संगसंगै मालिक र मालिकको परिवारले गर्ने गर्दछन् । थारू मालिक उसको परिवार र कमैयासंगै काम गर्ने हुदा कमैयाले कुनै कुरामा अटेर गर्ने अथवा कम काम गर्ने अवस्था नै सिर्जना नहुने थारू मालिकहरू बताउदछन् । त्यसैले गालि गलौज र हर्जाना आदिको व्यहार उनिहरूको समाजमा देखिदैन । थारू परिवारमा धेरै सौकी भएका कमैयाहरू भेटिदैन । मध्यम वर्गिय थारू किसान धेर सौंकी भएको कमैया तिरेर ल्याउन पनि सक्तैन । फेरी मालिकको व्यवहार र कामको अवस्था राम्रा हुदा सौंकी नभएका अथवा कम सौंकी भएका कमैयाहरू पाउन थारू किसानलाई कुनै कठिनाइ देखिदैन । थारू परिवारमा आइसके पछि कमैयाको सौंकी नबढेको देखिएको छ । अधिकांश थारू मालिककोमा कमैया मालिकको भान्सामा खाने र खानामा कुनै किसिमको भेदभाव नहुने गर्दछ । दशैंरा थारूमा कम्तिमा ३ छाक नभए ४ छाक बिहान बासी, ९-१० बजे तिर कलुवा, २-३ बजे तिर मिझनी र राती बेरीको रूपमा खाने गर्दछन् । त्यसैले कमैयाले पनि कम्तिमा कलुवा, बेरी र खाजाको रूपमा मिझनी पाउने गर्दछ । चाडपर्वहरू मालिक, कमैया सबैसंगै बसि मनाउने गर्दछन् । थारूहरू औषधीमुलोको लागि धेरै गुरुवामा नै भर पर्ने हुदा विरामी अवस्थामा थारूले छुट्टै औषधी खर्च नपाए पनि अशक्त रहुन्जेल उस्ले अन्य सहयोग पाउने गर्दछ । यी सम्पुर्ण कुराहरू हेर्दा थारू मालिककलाई उदार मालिकको संज्ञा दिदा फरक पर्दैन ।

आपना कमैयाहरूसंग काम गर्दै ८० बिगाहा जमिनका मालिक पल्टा चौधरी

कञ्चनपुर जिल्लाका गाउँहरूमा कर्मचारीहरू

कञ्चनपुर जिल्लामा कर्मचारी प्रथाको प्रचलन केही नयाँ बाहेक छोडेर सम्पूर्ण गाउँहरूमा भेटिन्छ । जिल्लाको पुराना मौजा अथवा चौकीहरूमा यसको प्रचलन पहिले दाइजो अन्याधिक देखिएको छ । यस्ता पुराना गाउँहरूमा बाइसी तप्पाका, खड्डा, कंकर, पराशन, सिमरी, ओदरी, नयाँगाउँ, पचकहिया, नवरंगा, बिचवा, बिनबारी, पर्रेना, कंज, शंकरपुर, नन्दगाउँ, जाँड, बगला, देखतभुलि, पिपलाडी, बन्जारिया, कलुवापुर, सिसैया, फुलेली, टोली, अर्जुनी, हिरापुर, श्रीपुर बेलौरी, गोकुलपुर, टेडुवा, मटैया, बैशारा र दिनापुर रैकवार तप्पाका बिचवा, गुलरिया, ढक्की, र कृष्णपुर, सेलीपहाड तप्पाका कलकत्ता, बिचपुरी, कानपुर, शिवनगर, रतनपुर र कमरी तीलाचौर तप्पाका बाँसगडा, पिपरिया, ऐरी, पर्सेरी, ऐठपुर, गोबरैया, तिलकपुर र भगतपुर, रौतेली तप्पाका अमेलिया, भिलमिला, भुर्सा, र तिलौबिचवा, भाला, अण्डैया, पटिया र ढैजी र बैतोडा तप्पाका हरैया, सिंहपुर, उल्टाराम, महोलिया, सूडा, भुडा, सिसैया, हरपाल-नयागाउँ, मुसेपानी र भसपुरा हुन् । यी गाउँहरूमा केही गाउँहरू हाल आएर बन आरक्ष, बाढी आदि कारणबाट मासिए पनि अधिकांश छहैछन र नया क्षेत्र विभाजनले यिनीहरूलाई समेटको छ ।

दोधारा र चाँदिनी गा.वि.स.

महाकाली नदीको छेउ भंगलामा अवस्थित यी दुई गा.वि.स. हरूलाई नया जिल्लाको संज्ञा दिन सकिन्छ । यहाँ घना जंगल र भौगोलिक विकटताको कारणले [illegible] मात्रै जग्गाको वितरण शुरू भयो र मुख्य रूपमा यस क्षेत्रमा २०२५ साल देखि मात्रै [illegible] बस्न थाले । भौगोलिक अवस्था आर्थिक र अन्य जनजीवन देखि यी दुई गा.वि.स. हरूमा सम्पूर्ण कुराहरूमा समानता पाइन्छ । यहाँ सबै पहाडिमुलुकका मानिसहरू [illegible] । यी गा.वि.स. हरूको मुख्य आर्थिक आधार कृषि नै हो । तर सिंचाईको सुविधा [illegible] माटो र जमिनको सतह राम्रो नहुदा र अन्य कारणहरूले यहाँको उब्जनी राम्रो [illegible] । यस क्षेत्रको मुख्य फसलहरू उखु, तोरी र रहरहरू नै हुन् ।

३-४ बिगाहा भन्दा बढी जमिन भएका ठुला किसानहरूको संख्या एकदम नगण्य हुदा यस क्षेत्रमा प्रायः आफैंले खेती गरेको भेटिन्छ । यहाँको सम्पूर्ण आर्थिक क्रियाकलाप भौगोलिक विकटताले गर्दा भारतमा निर्भर गर्दछ । यस क्षेत्रका गरिब र निम्न वर्गिय किसानहरू कृषि व्यवसायबाट उन्नेको अथवा फुर्सदिको समय भारतको सिमानवर्ती क्षेत्रमा विशेष गरी पहाडी इलाकामा गई ज्यालादारीमा काम गर्ने गर्दछन् । उनिहरूलाई त्याहा ज्यालादारीमा काम गर्नको लागि साजिलो अवसर प्राप्त छ । ज्यालादारीको साजिलो अवसर कै कारणले नै आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरू पनि हलिया अथवा कर्मचारी भई बस्दैनन् । यहाँका ठुला किसानहरूलाई पनि यसैकारणले ज्यालादारीमा, अधिया शर्तमा अथवा ठेक्का शर्तमा काम गराउनु पर्ने बाध्यता देखिन्छ ।

ठुला किसानहरूको संख्या नगण्य हुनु, थारू जातिको बसोबास नहुनु, वैकल्पिक रोजगार अथवा ज्यालादारीको अवसर प्राप्त हुनु आदि कारणहरूले गर्दा यी दुई गा.वि.स. हरूमा कर्मचारीहरूको संख्या शुन्य छ ।

सुडा गा.वि.स.

पश्चिममा महेन्द्रनगर नगरपालिका, पूर्वमा ढैजी, उत्तरमा डडेलधुरा जिल्ला र दक्षिणमा शुक्लाफाँटले घेरिएको यो गा.वि.स. जिल्लाको पुरानो बस्तीहरू मध्येको एक हो । यहाँ पहाडीमुलुकका व्यक्तिहरू भन्दा थारूहरूको संख्या ज्यादा छ । महेन्द्र राजमार्गमा [illegible] यो गा.वि.स. को मुख्य आर्थिक आधार कृषि नै हो । यहाँ चौखुटी गाउँजी भसपुरा [illegible] मुसेपानी गाउँहरू छोडेर महाकाली सिंचाईले गर्दा राम्रो खेति हुने गर्दछ । यहाँ [illegible] किसानहरूको संख्या पनि उल्लेखनिय नै छ । यस क्षेत्रमा आधुनिक प्रविधिको प्रयोगमा खेतीपाती गरेको पाइदैन । जोत्नको निम्ति मात्र Tractor प्रयोग गर्दछन् । गा.वि.स. भरि मा ४ वटा ट्रायाक्टर भएको र ट्रायाक्टर नभएकाहरूले जोत्न नभ्याउने अवस्थामा भारतबाट भाडामा ल्याइएका Tractor हरू प्रयोग गर्ने गर्दछन् । गा.वि.स.को अन्य आर्थिक

गतिविधि शुन्य छ । यहा कलकारखानाको हकमा एक खण्डसारी मिल, एक ठूलो धानगिर र केही इटा र टाइल भट्टाहरू छन् जस्मा अधिकांश देशीहरू नै मजदुरी गर्ने गर्दछन् ।

महेन्द्रनगर पालिका नजिक भएको नाताले गा.वि.स.का केही व्यक्तिहरू यहा आई केही अन्य पेशामा संलग्न भएको देखिन्छ । थारू परिवारबाट मुख्यतया रिक्शा चलाउने र ज्यालामजदुरी गर्नेहरू देखिएका छन् ।

यो गा.वि.स. मा ठूला किसानहरू उल्लेखनिय रूपमा हुनु, खेती राम्रो हुनु, वैकल्पिक व्यावसाय नहुनु आदि कारणहरूले गर्दा यहा कमैयाहरू धेरै संख्यामा छन् । छिट पुट गा.वि.स.का सम्पुर्ण गाउँहरूमा कमैयाहरू भएपनि लालपुर, मन्दिरपुर, भुदा, मुदा, हजार, मोहलिया, सिमैया, सुन्दरपुर, चौरघट्टी र गाउँजीमा धेरै संख्यामा कमैयाहरू भेटिएका छन् । उल्लेखित गाउँहरूको तुलनामा बसन्तपुर, गैलनडीमा कम कमैया छन । यस क्षेत्रमा स्थलगत अध्ययनको क्रममा अनुमान गरिएको कमैयाहरूको संख्या ३६० छ ।
परिवार

देन्ही गा.वि.स.

पश्चिममा सुदा पुर्वमा मलारी उत्तरमा डडेलधुरा जिल्ला र दक्षिणमा [illegible] घेरिएको यो गा.वि.स. पुरानो बस्ती हो । यहा थारू र पहाडी मुलका व्यक्तिहरूको संख्या करिब बराबर छ । महेन्द्र राजमार्गसंग जोडिएको यो गा.वि.स.को मुख्य आर्थिक आधार कृषि नै हो बकुन, बैतोडा, पोखरी, धरमपुर केही गाउँहरूमा खोलाबाट नहरी तथा पिंचाई भए पनि अधिकांश गाउँमा सिंचाइको व्यवस्था नहुनाले जमिनको उब्जनी राम्रो छैन । यहा १०-१५ बिगाहा सम्म भएका ठूला किसानहरूको संख्या धेरै कम करिब १५ जति भएको र अन्य सबै साना किसानहरू भएको स्थानिय व्यक्तिहरू बताउँदछन । आधुनिक प्रविधिको नाममा ट्याक्टर, थ्रेसरहरूको केही प्रयोग हुने गर्दछ । करिब १ ट्याक्टर गाउँमा भएको र आवश्यकतागा ट्र्याक्टर भारतबाट भाडामा ल्याई जोत्ने गर्दछन् । गा.वि.स.को अन्य आर्थिक गतिविधि शुन्य छ । ३-४ वटा साना धान कुट्ने मिलहरू नै यहाको उद्योग धन्दाहरू हुन् । ठूला किसानहरू कम भए पनि वैकल्पिक रोजगार नहुनु, पुरानो थारू बस्ती हुनु आदि कारणले कमैया बसी जिवीकोपार्जन गर्नेहरूको संख्या यहा उल्लेखनिय नै छ । कमैया धेरै भएका गाउँहरूमा समाडैजी, दर्गौरा डैजी, राना डैजी, बसन्तथला र चौरीहरू हुन । यहा नयाँ बसेका बैतोडा, बकुन, जडेपानी, धरमपुर गाउँहरूमा कमैयाहरू देखिदैनन् । अन्य गाउँहरू हात्तिथला, रडाहा, पिपलथला आदिमा थोरै संख्यामा कमैयाहरू छन् । यो गा.वि.स.को स्थलगत अध्ययनको क्रममा अनुमान गरिएको कमैयाको संख्या १०० छ ।
परिवार

पुर्नवास क्षेत्र :

त्रिभुवन बस्ति, बाइसीबिचवा, पराशन र कालिका चार गा.वि.स.हरू पुर्नवास क्षेत्र भित्र पर्दछन् । कञ्चनपुर जिल्लाको पूर्व दक्षिण क्षेत्रमा रहेको यी गा.वि.स. हरूमा केही पुराना बस्तिहरू छोडेर अन्य सम्पुर्ण बस्तिहरू नेपाल पुर्नवास कम्पनीले २०२८ सालदेखि बसोबास गराएको हो । पुर्नवासले बसोबास गराएका अधिकांश व्यक्ति पहाडी मुलका छन् । यस थोरै संख्यामा यस क्षेत्रका पुराना गाउँहरूका आदीबाट विस्थापित [illegible] । यसरी बसोबास गराइएका व्यक्तिहरूलाई तीन बिगाहा अथवा [illegible] वितरण गरिएको हुदा (केही पुराना गाउँ छोडेर) ठूला किसानहरूको संख्या [illegible] जस्ता भएको कारण अधिकांश आफै खेती गर्दछन् । यस क्षेत्रको मुख्य बाली धान, तोरी, गहुँ, मुसुरो हो । यस क्षेत्रको मुख्य बजार भारतको सम्पुर्णानगर र धनगढी नै हो । यहाको आर्थिक गतिविधि पनि उद्योग धन्दाको अभावमा शुन्य नै छ ।

त्रिभुवन बस्ति

यो गा.वि.स. मा भानु बस्ति, जनक बस्ति र त्रिभुवन बस्तिमा पुर्नवासले बसाएको व्यक्तिहरूमात्र बसोबास गर्ने हुदा यहा कमैयाहरू छैनन् ।यस बाहेक यहा दुई वटा पुराना सिमरी र उदरी गाउँहरू छन् । यी दुई गाउँका रानाथारूहरू र केही पहाडीहरूकोमा कमैयाहरू देखिन्छ । यहा कमैयाहरूको संख्या एकदमै कम छ । यी दुई गाउँहरूका ठूला किसान थारूहरू पनि दौडा नदीको बाढीले गर्दा विस्थापित अवस्थामा भएकाले कमैया राखी खेती गर्ने थिनीहरूको अवस्थामा ह्रास आएको छ । यहा १० बिगाहा भन्दा ज्यादा जमिन भएका किसानहरूलाई पनि खान नपुग्ने स्थिती भएको बताइन्छ । यस क्षेत्रको स्थलगत अध्ययन

अनुसार अनुमान गरिएको कमैयाहरुको संख्या २० छ ।

कालिका

यो गा.वि.स. मा राम बस्ति, अर्जुनको बस्ति, जंगबमा बस्ती, महेन्द्र बस्ति र [illegible] पुर्नबासले बसोबास गराएका व्यक्तिहरू मात्र बस्ने हुदा यहा कमैयाहरू छैनन् । यहा अलावा यो पुरैना र उक्कबाबाल जस्ता पुराना गाउँहरूमा केहि पहाडीकोगा र थोरै राना थारूकोगा कमैयाहरू देखिन्छन् । पहाडी भन्दा निशाघरी पन्त परिवारमा कमैया [illegible] छ । [illegible] परिवारले यहा एघार जना कमैया सम्म राखेको भेटिएको छ । जमिन्दारी प्रथाको [illegible] यस गाउँमा देखिन्छ । यहाका पुराना पहाडी जमिन्दारहरू थारूहरूबाट अमैं किन्नेगरी । निशुल्क श्रमदान) गराउदछन् । यो पुरैना र अमैंरैयाको उत्तर क्षेत्रका थारूहरू पनि ढोढा (पचकडिया) नदीको बाढीले गर्दा विस्थापित भई शिवबस्ती र गणेश बस्तिमा छन् । त्यसैले उनिहरूको कमैया राखी खेती गर्ने अवस्थामा ह्रास देखिन्छ । थोरै संख्यामा गणेश बस्तिमा कमैयाहरू छन् । यस क्षेत्रको स्थलगत अध्ययन अनुसार कमैयाहरूको अनुमान गरिएको संख्या ४० छ ।

पराशन

यो गा.वि.स. मा पुनर्वासले बसोबास गराएका बस्तिहरू पृथ्विबस्ती, सिता बस्ति र बुद्ध बस्ति र पुराना गाउँहरूमा पराशन, खड्डा कंकर, धनासिंहार, बिचफाट हुन् । यहा पराशन, खड्डा र कंकरका थोरै राना थारूहरूकोमा बाहेका अन्य ठाउँमा कमैयाहरू देखिदैनन् । पराशनका थारूहरू पनि ढोढाको बाढीले विस्थापित अवस्थामा रहेका हुदा कमैया राखी खेती गर्ने अवस्था यहा पनि घटेको देखिन्छ । यस क्षेत्रको स्थलगत अध्ययन अनुसार यो गा.वि.स. अनुमानित ४० कमैयाहरू छन् ।

बाइसबिचवा

यो गा.वि.स. मा पुर्नबासले बसोबास गराएका बस्तिहरू मिस बस्ति र अमरबस्ति हुन् । यहा अधिकांश पहाडीहरू र पुर्नबासले नै बसाएका २० घर जति कुर्मीका थारू [illegible] । १.५ बिगाहा र २ बिगाहाको हिसाबले यो बस्तिहरूमा जमिन वितरण गरिएको हुदा [illegible] आफै खेती गर्दछन् । यस क्षेत्रको पुराना बस्तिहरूमा राना थारूहरूको ज्यादा बसोबास छ । [illegible] राना थारूहरूको सबैभन्दा बढी विकास बस्ति र क्रमशः बिनवारी र [illegible] कमैयाहरू भेटिन्छन् । १० बिगाहा भन्दा ज्यादा जमिन भएका ठूला किसानहरूको संख्या यहा उल्लेखनिय भए पनि ढोढा नदीले बर्षेनी बिगार्ने हुदा मेहेनतपूर्वक खेती गरिएको देखिदैन । त्यसैले यहा जमिन अधियामा दिने चलन प्रशस्त छ । यस क्षेत्रको स्थलगत अध्ययन अनुसार यो गा.वि.स. अनुमानित ५० छन् ।

झलारी गा.वि.स.

पश्चिममा दैजी, पूर्वमा कृष्णपुर, उत्तरमा डडेलधुरा र दक्षिणमा पिपलाडीले घेरिएको यो गा.वि.स. पुरानो बस्तिकै रूपमा चिनिन्छ । यहा पहाडी मूलका व्यक्तिहरूको भन्दा थारूहरूको संख्या ज्यादा छ । महेन्द्र राजमार्गसंग जोडिएको यो गा.वि.स. को मुख्य आर्थिक आधार कृषि नै हो । यहा सिंचाईको लागि आकाशको पानीमा नै निर्भर गर्नु पर्ने हुदा खेतीलाई राम्रो भन्न मिल्दैन । यस क्षेत्रमा बढी उब्जनी हुने ठाउँ कलवापुर मात्रै हो । यहा १० बिगाहा भन्दा ज्याद जमिन भएका ठूला किसानहरूको संख्या उल्लेखनिय नै भए पनि आधुनिक प्रविधिको प्रयोगमा खेती गरेका भेटिदैन । गा.वि.स. भरि ट्याक्टरको संख्या जम्मा ४ वटा देखिन्छ । यस आहेक केहीले जोत्न नभ्याउने अवस्थामा भारतबाट भाडामा ल्याइएका ट्र्याक्टरहरूको प्रयोग गर्दछन् ।

गा.वि.स.का अन्य आर्थिक गतिविधी शुन्य भन्दा हुन्छ । यहा करिब ५ साना घान कुटने मिलहरू र केही इटाटाइल भट्टाहरू छन् । यस क्षेत्रको बजार महेन्द्रनगर झलारी नै हो । उद्योग धन्दा र अन्य रोजगारको अभावमा कृषि आईकर्वको पेशामा [illegible] व्यक्तिहरू संलग्न देखिदैन । महेन्द्र राजमार्ग जनिने काम भईरहेको हुदा केही थारूहरू त्यहा मजदुरी गर्ने गरेको भेटिएको छ ।

गा.वि.स. मा ठूला किसानहरूको संख्या उल्लेखनिय नै हुदा त्यहि अनुरूपमा कमैयाहरू

पनि धेरै भेटिन्छन् । कलुवापुरमा कमैयाहरूको संख्या ज्यादा देखिएको छ । यहा रानाथारुहरु धेरै संख्यामा छन् । सुनबोग र स्याली नदीको कटानले गर्दा यो गाउँका मानिसहरु विस्थापनको मंझारमा छन् । यस्ले गर्दा यहाको कमैया राख्ने अवस्था घट्दो र कमैयाको सख्या बढ्दो छ । कलुवापुर पछि यस गाउँ वि.स.मा कसरौल, सिसैया, भण्डाचौमा पिताम्बर, हिरापुर, बिलासपुरमा कमैयाहरूको संख्या ज्यादा देखिन्छ । अन्यत्र जुडा र कलापानी गाउँ छोडेर कमैयाहरु छिटपुट सबै ठाउँमा भेटिन्छन् । यस क्षेत्रको स्थलगत अध्ययन अनुसार यो गा.वि.स. अनुमानित १५० कमैयाहरु छन् ।

पिपलाडी गा.वि.स.

पश्चिममा शुक्लाफाँट पूर्व र दक्षिणमा देखतभुली उत्तरमा भलारीले घेरीएको यो गा.वि.स. जिल्लाको पुरानो बस्तिहरु मध्येको एक हो । यहाको जनसंख्यामा थारुहरुको बाहुल्यता छ । अन्य गा.वि.स. हरु झैं यस्को पनि मुख्य आर्थिक आधार कृषि नै हो । सिंचाईको असुविधाले गर्दा यहाको उब्जनी राम्रो छैन । यहा १० बिगाहा भन्दा जमिन भएका व्यक्तिहरु उल्लेखनिय रुपमै भए पनि आधुनिक प्रविधिको नाममा यहा ट्याक्टर र थ्रेसरको प्रयोग मात्र हुने गर्दछ । गाउँमा करीब दुई ट्याक्टर भएको र आवश्यकतामा ट्याक्टर भारतबाट ल्याई भाडामा जोत्ने कृषा पिपलाडी निवासीहरु बताउँदछन् । गाउँमा उद्योगको नाममा २-३ वटा धान मिल (मम्मैला खालका) मात्रै हुनु यहा कृषि बाहेक आर्थिक गतिविधी शून्य छ । महेन्द्र राजमार्ग र तनकपुर बाँध बनाउन केही यहाका मानिसहरु मजदुरी गर्ने भए पनि अधिकांश कृषि अतिरिक्त व्यवसायमा संलग्न देखिँदैनन् । कमैयाहरुको संख्या यो गा.वि.स.को क्षेत्रफलको हिसाबमा धेरै नै भेटिएको छ । कमैया धेरै भएका गाउँहरुमा पिपलाडी, जोनापुरी, बन्साह, पडाच, असैना र गरजमुनी हुन । यस अतिरिक्त लोहारपुर, डकनिया, बैशाखा,, डाडा, भतपुरी र बनसोमतमा पनि कमैयाहरु भेटिएका छन् । यस गा.वि.स. खजुवामा (एक परिवार बाहेक) र तारापुरमा कमैयाहरु छैनन् । यस क्षेत्रको स्थलगत अध्ययन अनुसार कमैयाहरुको अनुमानित संख्या १५० छ ।

बैलडाँडी गा.वि.स.

पश्चिममा भारतको सिमाना उत्तरमा शुक्लाफाँट (आरक्ष विस्तार) पुर्वमा शंकरपुर र दक्षिणमा रामपुर बिलासपुरले घेरिएको यो गा.वि.स. आधा नयाँ बस्ति र आधा पुराना बस्तिले बनिएको छ । यस गा.वि.स. मा पहाडीमुलका व्यक्तिहरुको बाहुल्यता देखिन्छ । यहाका सम्पुर्ण व्यक्तिहरु कृषि व्यवसायबाटै जिवीकोपार्जन गर्दछन् । यस क्षेत्रमा पुराना केही गाउँहरुमा खेती केही राम्रो भए पनि सिंचाईको असुविधाले गर्दा समग्रमा उब्जनी राम्रो देखिँदैन । यहा १० बिगाहा भन्दा बढी जमिन भएका ठूला किसानहरुको संख्या पनि करिब १५ जाति मात्र भएको स्थानिय व्यक्तिहरु बताउँदछन् । अन्य गा.वि.स. हरु झैं यहा आधुनिक प्रविधिको नाममा ट्याक्टर र थ्रेसरको प्रयोग हुने गर्दछ । करिब ५ ट्याक्टर गाउँमा भएको र आवश्यकतामा ट्याक्टर भारतबाट भाडामा ल्याई जोत्ने गर्दछन् । यस क्षेत्रको कृषि आधारित आर्थिक गतिविधी भन्दा ३ वटा ठूला धानमिल र तिरुपत जोडि बैलडाँडी र एकता चोकमा रहेको केही पसलहरु जुम्किन्छ । यसले गर्दा यहा कृषिको विकास देखिँदैन । खेतीपाती कमैया राखी गर्ने र आफै अथवा आँधिया हालमा गरेकाहरुको संख्या धेरै हुदा कमैयाहरु ठूलो संख्यामा देखिँदैनन् । कमैया धेरै भएका गाउँहरुमा पुराना बस्तिहरु बैचाह रतनपुर डकनिया, चवन्नि र सिसौडाँडी पर्दछन । सट्टा मनसि ल्याई कमैयाको गराइएका नया बस्तिहरु एकताचोक, चन्दन बस्ति र नया बस्तिमा कमैयाहरु छैनन् । यस क्षेत्रको स्थलगत अध्ययन अनुसार कमैयाहरुको अनुमानित संख्या १०० छ ।

श्रीपुर गा.वि.स.

पश्चिममा रामपुर बिलासपुर र भारतको सिमाना, पुर्वमा लक्ष्मीपुर, उत्तरमा शंकरपुर र दक्षिणमा भारतको सिमानाले घेरिएको यो गा.वि.स. पुरानो बस्ति नै हो । यहा करिब बराबरको संख्यामा थारु र पहाडीमुलका व्यक्तिहरु बसोबास गर्दछन् । यहाको कृषि व्यवसाय सिंचाईको असुविधाको कारणले गर्दा राम्रो फस्टाएको देखिँदैन । त्यसैले यहा १० बिगाहा भन्दा ज्यादा जमिन भएका ठूला किसानहरुको संख्या कम देखिन्छ । गाउँमा ३ ट्याक्टर

भएको र अन्य गाउँहरू भैं आवश्यकतामा यहाका मानिसहरूले भारतबाट भाडामा ल्याइएका ट्र्याक्टरहरू प्रयोग गर्न गर्दछन् । ३ वटा मझौला खालका धान मिलहरू, केही इटाटाइल भट्टा र केही कोलुहरू यहाको उद्योग धन्दाहरू हुन् । आर्थिक गतिविधिको हिसाबले यस जिल्लाको महेन्द्र नगरपालिका पछिको बजार बेलौरी यहि गा.वि.स. मा पर्दछ । यसर्थ यस ज्यालामजदूरीको, दोकान व्यवसाय, ढाचर गाडाबाट सामान ओसार पोसार गर्ने व्यवसाय आदिको केहि अवसर देखिन्छ । तर यस्ता केही अवसरहरूले कृषि व्यवसायको विकल्पको रूपमा धारण गर्न सकेको छैन । यहा छिटपुट सम्पुर्ण गाउँहरूमा कमैया भएपनि भजुपुरा, मेनाहा, भुराकोट, शान्तिपुरमा कमैयाहरू धेरै संख्यामा भेटिएका छन् । यस क्षेत्रको स्थलगत अध्ययन अनुसार यहा कमैयाहरूको अनुमानित संख्या १०० छ ।

लक्ष्मीपुर गा.वि.स.

कन्चनपुर जिल्लाको दक्षिणी कुनामा पुनर्वास क्षेत्रसंग जोडिएर रहेको यो गा.वि.स. मा पुराना बस्तिहरू धेरै छन् । यहा थारूहरूको संख्या धेरै देखिएको छ । यस क्षेत्रका बासिन्दाहरूको मुख्य व्यवसाय कृषि नै हो बाढि नलाग्ने, सतह मिलेको जमिन र माटो राम्रो हुदा पनि यहा सिंचाईको असुविधाले गर्दा खेती संतोषजनक भएको पाइदैन ।

यहा ठूला किसानहरूको सख्या उल्लेखनिय नै छ । गाउँमा ट्र्याक्टरको संख्या करिब १० वटा रहेको र आवश्यकतामा भारतबाट भाडामा ट्र्याक्टर ल्याई प्रयोग गर्न गर्दछन् । यस क्षेत्रको मुख्य बजार भारतको खजुरिया, बसही र सम्पुर्णानगर हुन् । यहा उद्योग धन्दाको नाममा साना धान कुट्ने मिलहरू र केही इटा भट्टाहरू छन् । यसर्थ यहा कृषि व्यवसायको विकल्प देखिदैन । अन्य ठाउँहरूको तुलनामा महाजनहरू यहा ज्यादा भेटिएका छन् ।

छिटपुट गा.वि.स.को सम्पुर्ण गाउँहरूमा कमैयाहरू भए पनि टेढुवा, बैजुडाँडा, मदैया, गोकुलपुर, दिनापुर, खिरेरिया र भेसोरीमा उनिहरूको संख्या उल्लेखनिय छ । आफै खेती गर्न हुदा बेशारवी, फाटया, उभियाफाट, देहरादुन टोलमा कमैयाहरू देखिदैनन् । यहा यस क्षेत्रको स्थलगत अध्ययन अनुसार कमैयाहरूको अनुमानित संख्या १२५ छ ।

रामपुर बिलासपुर गा.वि.स.

उत्तरमा चैनटोली र शंकरपुर, पुर्वमा बीपुर र दक्षिण र पश्चिममा भारतको चोरियाको यो गा.वि.स. जिल्लाको पुराना बस्तिहरू मध्यको एक हो । यहा पहाडी मुलुकका जस्तैसम्म भन्दा थारूहरूको संख्या ज्यादा देखिन्छ । महेन्द्रनगर-बेलौरी कच्ची सडकसंग जोडिएको यो गा.वि.सको मुख्य आर्थिक आधार कृषि नै हो । सिंचाईको असुविधा र मालको नराम्रो अवस्थाले यस क्षेत्रको उब्जनी सन्तोषजनक छैन । यहा ठूला किसानहरूको संख्या उल्लेखनिय नै भए पनि आधुनिक प्रविधिमा ट्र्याक्टरहरू मात्र प्रयोग गरिन्छ । साना ट्र्याक्टरहरूको संख्या ५ वटा मात्र भए पनि आवश्यकतामा भारत सिमाबाटै क्षेत्रबाट भाडामा ल्याई प्रयोग गरेको देखिन्छ ।

यहा खेतीपाती धेरैले आफै र कमैया राखी गरेको र केहीले आधिया र लिकुर शर्तमा गराएको भेटिन्छ । अन्य आर्थिक गतिविधिको शुन्यताले गर्दा गाउँका विस्थापित जनहरू कमैया नै भई बस्नु पर्ने बाध्यता देखिन्छ । यहा छिटपुट सम्पुर्ण ठाउँमा कमैयाहरू भए पनि भुडा, सडकघाट, कमरी, पचुई, कलकत्ता, शिवनगरमा धेरै संख्यामा सौंको भएका कमैयाहरू देखिएका छन् । यस अतिरिक्त टापर, चकिया कुंडा, कानपुर, नयांगाउं, खैरि घाटमा कमैयाहरूको संख्या कम छ । यस क्षेत्रको स्थलगत अध्ययन अनुसार कमैयाहरूको अनुमानित संख्या १५० छ ।

कृष्णपुर गा.वि.स.

यो गा.वि.स. कन्चनपुर जिल्लाको पुर्वि सिमाना हो । मोहोना नदीको किनारामा रहेको यस गा.वि.स. मा पुराना मौजाहरू धेरै छन् । यहा पहाडीमुलको भन्दा थारूहरूको संख्या केही बढी देखिन्छ । कृषि व्यवसाय आधार भएको यस क्षेत्रमा उरु खेती गरिने हुदा यहा केही गुड र चिनीको उद्योगहरू देखिएको छ । तर यस्ता उद्योगहरू कृषि व्यवसायको विकल्प बन्न सक्ने अवस्थामा छैनन् । यहा १० बिगाहा भन्दा ज्यादा जमिन भएका ठूला किसानहरूको संख्या उल्लेखनिय नै छ । पुराना जमिन्दार तराना भट्टका संतानहरू ले

मुख्यतया यस क्षेत्रका ठूला किसानहरू हुन् । यिनीहरू मध्ये एउटा परिवारमा यस [illegible] सम्म कमैया राखि खेति गरेको भेटिएको छ । यहा पानि जमिन्दारी प्रथाको अवशेषको रूपमा बेठबेगारी गराउने चलन देखिएको छ । यस क्षेत्रमा खेतीपाती आफै कहीं अधिया छाडेमा र धेरै कमैया राखी गर्ने गर्दछन । गा.वि.स. मा ४ वटा ट्याक्टर देखिएको र आवश्यकतामा भाडामा ट्याक्टर ल्याई प्रयोग गर्दछन् । यहा मौवाफौंट, किचाहि, गुलरीयामा धेरै संख्यामा कमैयाहरू देखिएका छन् । यस अतिरिक्त अन्य गाउँहरू बंक, चौंडी, कोइरालचोजिया, बालुवाफौंटमा छिटपुट कमैयाहरू छन् । आफै खेती गर्ने हुदा मालबेला, ढोंचा, मुरोफौंटमा कमैयाहरू देखिदैनन् । यस क्षेत्रको स्थलगत अध्ययन अनुसार कमैयाहरूको अनुमानित संख्या २०० छ ।

रैकवार बिचवा गा.वि.स.

मोहना नदीको किनार र कृष्णपुर गा.वि.स. को दक्षिणतिर रहेको यो गा.वि.स. कञ्चनपुर जिल्लाको पूर्वि सिमाना हो । यो गा.वि.स. लाई पानि कञ्चनपुर जि. को पुरानो बस्तिको रूपमा लिन सकिन्छ । यस क्षेत्रमा थारूहरू धेरै संख्यामा बसोबास गर्दछन । कृषिमा आधारित जनजिवन भएको यस ठाउँमा सिंचाई आदिको असुविधाले गर्दा [illegible] मापदण्ड अनुसारको औषत उब्जनी देखिदैन । कृषि व्यवसाय अतिरिक्त [illegible] यस गाउँका मानिसहरू धनगढी बजार क्षेत्रमा गई ज्यालामजदुरी गर्ने गरेको पाइन्छ । कृषि व्यवसायबाट विस्थापित वर्गहरू आधिकांश कमैया बनी जिवीकोपार्जन गर्दछन । [illegible] सम्पुर्ण गा.वि.स. मा कमैयाहरू भेटिए पानि बिचवा, पिपरिया, कलुवापुर र [illegible] यिनीहरूको संख्या अत्याधिक भेटिएको छ । यस क्षेत्रको स्थलगत अध्ययन अनुसार यहा कमैयाहरूको अनुमानित संख्या १०० छ ।

रौतेलीबिचवा गा.वि.स.

लगभग चन आरक्ष बिस्तारले घेरिएको यो गा.वि.स. को अस्तित्व जिल्ला [illegible] विभाजित अवस्था देखि नै छ । यहाका बासिन्दाहरूमा थारू र पहाडीमुलका व्यक्तिहरूको संख्या लगभग बराबर देखिन्छ । कृषि व्यवसायमा मात्र जिवीकोपार्जन गर्नु पर्ने बाध्यता भए पानि यो व्यवसाय सिचाई आदिको असुविधाले राम्रोसंग गर्न सकेको देखिदैन । यस क्षेत्रमा ठूला किसानहरूको उपस्थिती ठूलो छैन । भट्ट परिवारलाई यहा पुराना ठूला जमिन्दार को रूपमा चिनिन्छ । यो परिवारमा पानि धेरै संख्यामा कमैया राखि खेती गर्ने गरेको भेटिएको छ । ठूला किसानहरू यहा ट्याक्टरको मद्दतबाट खेत जोत्ने गर्दछन् । यो गा.वि.स. मा लगभग ४ ट्याक्टर भएको पाइन्छ । अन्य गा.वि.स. जस्तो यहा भाडामा ट्याक्टरको प्रयोग त्यति देखिदैन् । यहा कमैया राखी खेती गरिने चलन प्रशष्ट भेटिन्छ । यस क्षेत्रमा कमैया धेरै भएका गाउँहरूमा अण्डैया र पटैयाहरू हुन् । यस अतिरिक्त झाला, बिचवा, झिलमिला, इमलिया, भुसामा पानि कमैया केही संख्यामा देखिन्छ । यस क्षेत्रको स्थलगत अध्ययनमा अनुमान गरिएको कमैयाहरूको अनुमानित संख्या १५० छ ।

शंकरपुर गा.वि.स

रैकवारबिचवा, देखतभुलि, रामपुरबिलासपुर र पुर्नवास क्षेत्रले घेरिएको यो गा.वि.स. पुराना राना गाउँको रूपमा चिनिन्छ । यहा ठूलो संख्यामा रानाहरूको बस्ती छ । यस क्षेत्रको जन जिवन पूर्णरूपमा कृषिमा आश्रित छ । उद्योग धन्दाको नाम मात्रको खाना कुटानी मिलहरू पानि यहा देखिदैनन् । यहा चाहे अथाव नचाहे पानि कृषि पेशामा नै संलग्न बन पर्ने बाध्यता छ । यस क्षेत्रमा आधुनिक प्रविधि र सिंचाईको कमिले र [illegible] र कडानको गर्दा उब्जनी संतोषप्रद छैन । ट्याक्टरहरूको संख्या यहा २ वटा देखिएको र भाडामा पानि यसको प्रयोग भएको देखिन्छ । यहा अन्य बैकोल्पिक रोजगारको [illegible] गर्दा कमैया बास जिवीकोपार्जन गर्नेहरूको संख्या उल्लेखनिय रूपमा भेटिएको छ । कमैयाका मालिकहरू अधिकांश राना थारूहरू छन् । यो गा.वि.स. मा पानि नयाँ जमिन्दारहरू द्वारा बेठबेगारी गराउने चलन देखिएको छ । यस क्षेत्रमा छिटपुट सम्पुर्ण ठाउँ कमैयाहरू भएपनि कंजा, कसवा, नन्दगाउँ बल्मी, पसियामा कमैयाहरूको संख्या उल्लेखनिय रूपमा भेटिएका छन् । यस क्षेत्रको स्थलगत अध्ययन अनुसार यहा कमैयाहरूको अनुमानित संख्या १५० छ ।

देखतभुलि गा.वि.स.

राना थारूहरूको अत्याधिक बसोबास भएको यो गा.वि.स. कृष्णापुर देखि दक्षिण तिर पर्दछ । यस गा.वि.स. मा पनि जनजिवन पुर्णरूपमा कृषिमा आधारित छ । उद्योग धन्दाको नाममा यहा एउटा मभैंला खालको धान कुटाउने मिल मात्रै छ । कृषि क्षेत्र पनि आधुनिक प्रविधिको कम प्रयोग र सिंचाईको असुविधाले गर्दा उन्नत अवस्थामा देखिदैन । यहा ट्याक्टरको संख्या ३ वटा मात्र भेटिएको छ । यहा खेतीपाती मुख्य रूपमा आफ्नै श्रमका कमैया राखी गर्ने गरेको भेटिन्छ । कमैयाहरू यस गा.वि. मा सम्पुर्ण गाउँबस्ति छन् । भुली पसिया र जोडिमा कमैयाहरूको संख्या अध्याधिक देखिएको छ । यस अतिरिक्त कोलागौडी, कुकका, जमरघट्टा र हात्तियाना पनि कमैयाहरूको संख्या उल्लेखनिय छ । यस क्षेत्रको स्थलगत अध्ययन अनुसार यहा कमैयाहरूको अनुमानित संख्या २१० छ ।

महेन्द्रनगर पालिका

कन्चनपुर जिल्लाको पश्चिमी सिमानामा रहेको महेन्द्र नगरपालिका यस जिल्लाको सदरमुकाम हो । यो ठाउँ क्षेत्रफल र जनसंख्याको हिसाबमा जिल्लाको अन्यत्र ठाउँहरू भन्दा ठूलो छ । कन्चनपुर जिल्लाको २४८५०८ जनसंख्या मध्ये ६२४३२ जना महेन्द्रनगर पालिका भित्रै बस्दछन् । २०१९ सालमा मात्र महेन्द्रनगर पालिकामा जिल्लाको सदरमुकाम सारिएको हुदा यहा नयाँ गाउँहरू र पुराना गाउँहरूको संख्या उस्तै छ । त्यसैले यस क्षेत्रमा थारूहरू भन्दा पहाडीमुलका व्यक्तिहरूको संख्या ज्यादा देखिन्छ ।

म.न.पा. जिल्लाको ठूलो आर्थिक र प्रशासनिक केन्द्र भएको कारण केही व्यक्तिहरू यहा कृषि बाहेकको पेशामा संलग्न भए पनि अधिकांशको आर्थिक आधार कृषि व्यवसाय नै हो । यहा महाकाली सिंचाई परियोजनाले गर्दा नगरपालिकाको दक्षिणी भेगमा राम्रो खेती हुने गर्दछ । त्यसैले जिल्लाको अन्य क्षेत्रहरू भन्दा यहा धेरै संख्यामा ठूला किसानहरू भेटिन्छन् । यहा पुराना र केही नयाँ बस्तिहरूमा कमैया राखी खेती गर्ने चलन अत्याधिक देखिएको छ । जिल्लामा सबैभन्दा बढी कमैयाहरूको संख्या पनि यहि छ । यस क्षेत्रको उल्टाखाम, आगफाँट, तिलकपुर, निमुखेडा, भगतपुर, भासी, महोलिया, कमैयाहरू ज्यादा भेटिने ठाउँहरू हुन । यस अतिरिक्त नगरपालिकाको ७, ८, ९, १० वडाहरू छोडेर उल्लेखनिय रूपमा अन्य गाउँहरूमा पनि कमैयाहरू भेटिन्छन् । ७, ८, ९, १० वडाहरूमा भने अधिकांश आफ्नै खेती गर्ने अथवा कमैया भन्दा फरक शर्तमा खेती गराइने हुदा कमैयाहरू यहा भेटिन्दैन । पहाडीमुलका व्यक्तिहरू नै यहाका मुख्य कमैया मालिकहरू हुन । यस क्षेत्रको स्थलगत अध्ययन अनुसार अनुमानगरिएको कमैयाहरूको संख्या ४०० छ ।

कमैयाको भविष्य :

धेरै समय देखि आर्थिक र सामाजिक सुरक्षा र चेतनाको अभावमा बाँच अभिशापमा रहेका कमैयाहरूको मुक्तिको लागि २०३५-३६ साल आँघ सम्म आवाज उठेको पाइँदैन । २०३५-३६ को राजनैतिक उतारचढाव पश्चात त्यसबखत भूमिगत अवस्थामा रहेका राजनैतिक पार्टिहरू र वैदोक्त धार्मिक तथा सामाजिक सुधार संघले पहिलो पटक कमैयाहरूको मुक्तिको लागि आवाज स्थानियस्तरमा राखि कमैया मुक्तिको आन्दोलन शुरूवात गरेको थियो ।

यस्ले कमैया प्रथाभित्र कोहे सल्बलाहट उत्पन्न गराउन सफल भयो । निश्चय पनि यो आन्दोलन जनमतसंग्रह पछाडिको पंचायती व्यवस्थाको पुनर्बहालीले गर्दा शिथिल भयो र यसले कमैयाहरूको मुक्तिको लागि केही गर्न सकेन तर यस्ले कमैयाहरूको मानसिकतामा थोरै भए पनि प्रभाव छोडेको पाइन्छ । त्यस बखत यता अत्याधिक उत्पीडनमा रहेका कमैयाहरू ठूलो संख्यामा भारतको सिमानातीर विशेष लखिमपुर खिरी जिल्ला र पिलीभित जिल्लामा भागेर जान थालेको भेटिएको छ । यो भागेर जानेक्रम २०४६ सालको जनआन्दोलन पश्चात अझ तिव्र भएको देखिन्छ । जन आन्दोलन पश्चात राजनैतिक पार्टिहरूको खुलारूपमा यस प्रथाको विरोधले र कमैयाहरूको भागेर जाने क्रमले गर्दा पुराना जमिन्दार र ठूला किसानहरू केहि चिन्तित देखिएका छन् । उनिहरू कमैया माथि आफुले गरेका लगानीको सुरक्षा प्रति सशंकित देखिन्छन् । फारे सुदुर पश्चिममाञ्चलका जिल्लाहरू यातायातको क्रमिक विकास र यस क्षेत्रको थोरै भएपनि आर्थिक गतिविधिको परिवर्तनले गर्दा खुल्ला हुँदै आइरहेकाछन् । यस्ले गर्दा पनि यहाँको हरेक जनजिवनमा अन्य ठाउँहरूको प्रभाव बढेको भेटिन्छ । यी विविध कारणाहरूले गर्दा पहिलेको तुलनामा यस जिल्लामा कमैयाहरूको संख्यामा ह्रास देखापरेको छ । यद्यपि एकातिर थारूपरिवारहरू शिक्षाको कमिले, सोझो र लाटो व्यवहारले, आफ्नै नराम्रा रितिथितिले, यस क्षेत्रको नदी कटान र बाढी आदिले आफ्नो कृषि व्यवसायबाट विस्थापित हुने क्रम बढ्दैछ भने अर्कोतिर वैकल्पिक व्यवसायको विकास हुन सकेको छैन, उनिहरूप्रतिको सामाजिक र आर्थिक सुरक्षाको धारणामा परिवर्तन आउनसकेको छैन र कानूनीरूपमा उनिहरूले अझै संरक्षण पाउन सकेका छैनन् । यस्ले गर्दा उनिहरूलाई कमैया भई बस्नु पर्ने बाध्यता वर्तमानमा पनि ठड्कारो रूपमा देखिन्छ ।

माघ २९, २०४८ मा वैदोक्त धार्मिक तथा सामाजिक सुधार संघले आयोजना गरेको जुलुसमा सहभागी हुन जम्मा भएका कमैयाहरू र उनिहरूको परिवार

बाँध मजदुरीको अन्त्यको निम्ति केही सुझावहरू

बाँध मजदुरी प्रजातान्त्रिक समाजमा कुनैपनि समयमा मान्य नहुने अवस्था हो । यहा देखिएको बाँध मजदुरीको अन्त्य त्यसैले तुरुन्त खोजिन आवश्यक छ । यस जिल्लामा जीवनपद्धतीको रूपमा विकास भएको कमैया प्रथा र यस भित्र रहेको बाँध मजदुरीको अवस्थाको अन्त्य सरकारी, गैरसरकारी निकायहरू, समाजिक संघ-संस्थाहरू र राजनैतिक पार्टीहरूको संयुक्त सक्रियतमा, यस्ता वर्गहरूलाई आर्थिक, सामाजिक र कानूनी सुरक्षा प्रदान गर्न सकेको खण्डमा मात्र सम्भव छ । यस प्रथाको अन्त्य गर्न तुरुन्त अवलम्बन गर्नु पर्ने उपायहरूमा

मुक्तिको प्रतिक्षारत एउटै सारिकवल तिन कमैयाहरू

१) कानूनी रूपमा ऋणमा कामलगाइने प्रथामा रोक लगाइनुपर्छ ।
२) कृषिक्षेत्रमा विद्यमान मजदुरहरूको कामको किसिम अनुसार कानूनी रूपमा कामको अवस्था, पारश्रमिक र अन्य सुविधाहरूको निर्धारण हुनुपर्छ ।
३) यो जिल्लामा अप्रत्यक्ष खेती गरिने प्रणाली अथवा गैरहाजिरी जग्गावाल प्रणाली (Absentee Landlordism) को अत्याधिक अभ्यास मै राखेको बेलामा पनि मोहीयानीहक प्राप्त गर्ने किसानहरूको संख्या ४४८ मात्र छ । यो प्रचलित मोहीयानीहक सम्वन्धि कानूनमारहेको त्रुति र केहि यसबारेको अज्ञानताले सृजित अवस्था हो । त्यसैले मोहीयानीहक सम्वन्धी कानूनलाई सरलीकरण गरी जग्गाजोत्ने अथवा जग्गा कमाउने व्यक्तिहरूलाई यो हक दिलाइनु पर्छ ।
४) जायज ऋण बाहेकको सम्पुर्ण ऋण (सौंकी) मिनाहा गरिनु पर्दछ ।
५) थारू समाजमा देखिएका कुरितीहरूको अन्त्य गर्न, उनिहरूलाई नागरिकहक अधिकार कोबारे जानकारी गराउन र अन्य चेतनाका कार्यक्रमहरू व्यापकरूपमा लागिनु पर्छ ।
६) वैकल्पिक रोजगारको जानकारी गराउने, घरेलु तथा उद्यममुलक तालीमहरू गराउने, उनिहरूमा विद्यमान शिपहरू विकास गराउने, किसिमका कार्यक्रमहरू व्यापक रूपमा लागिनु पर्छ ।

कमैया परिवारले पाएका वैकल्पिक रोजगारको अवसर

७) वर्तमान हदबन्दिको कमजोर पक्षको फाइदा लिई र नापी नभएका ऐलानी जग्गाहरु ठूलो क्षेत्रफलमा आफुसंग राखी आएका नव जमिन्दारहरुको वैज्ञानिक तरिकाबाट नापी गरी हदबन्दि माथिको जग्गा अधिग्रहण गरिनु पर्छ । प्रचलित हदबन्दिको कानूनलाई पनि पुनरावलोकन गरिनु पर्दछ ।

यस अतिरिक्त भुमिहिन किसानहरुलाई कम्तिमा बस्नलाई घडेरीको व्यवस्था, सहुलियत शर्तमा खेती कमाउनको निम्ति जग्गाहरु र आधुनिक प्रविधिको प्रयोगको शिक्षा तथा भौतिक सहयोग र सहुलियत दरमा सजिलै ऋण उपलब्ध हुने व्यवस्थाहरु सरकारी स्तर मे गर्न आवश्यक देखिन्छ । थारुहरुको समाजलाई विकास गर्न नियमितरुपमा उनिहरुलाई अनिवार्य र निशुल्क शिक्षाको व्यवस्था गरिनु पर्छ । नियमित शिक्षाका कार्यक्रममा प्रचलित कानूनहरुको शिक्षा पनि समावेश गराइनु पर्छ । कृषि व्यवसायलाई फराकिलो पार्न कृषि जन्य उद्योगहरुको स्थापनार्थ कृषकहरुलाई सरकारी तौरबाट प्रोत्साहित गरिनुपर्छ । नदी कटान र बाढी नियन्त्रण गर्न कार्यक्रम पनि यस क्षेत्रमा अत्यावश्यक देखिएको छ ।

थारु गाउँमा शिक्षा प्रचारको तरिका